# सञ्चारिका लेखमाला

# Sancharika Feature Service

वर्ष ९ | अंक ९ | मासिक | भदौ/असोज | September 2006


- *रोकिएन छुवाछूतको अत्याचार*
  "कानुनमा हट्यो व्यवहारमा हटेन" — रूपा गहतराज
- *लडेपछि मिल्दोरहेछ अधिकार*
  ३३ प्रतिशतको नारा व्यवहारमा खोई ? — सिर्जना विंक
- *न्यायको खोजीमा भौंतारिँदा*
  सुदूरपश्चिमका महिलाको पीडा — निमा काफ्ले
- *क्याबिनमा काम गर्नेहरूको पीडा*
  मर्यादित बनाउन सकिए अवसर पनि — बिमला तुम्खेवा
- *खोई त वैवाहिक बलात्कारसम्बन्धी कानुन ?*
  के भन्छन् वैवाहिक बलात्कारबाट पीडित — सुमित्रा 'अञ्जान'
- *मिथिला कलामा महिला*
  घरमै बसीबसी पैसा — शारदा सिलवाल
- *लुकाउँदा झनै पीडा*
  रोगबारे खुल्न थाले महिला — इन्दिरा अर्याल
- *ओझेलमा परेका आप्रवासी महिला*
  आप्रवासी महिलाबारे किन मौन छ सरकार — यशोदा तिम्सिना




सञ्चारिका समूह/नेपाल

# रोकिएन छुवाछूतको अत्याचार

*नेपालको मुल कानुनले जातीय आधारमा हुने छुवाछूत र भेदभावलाई पूर्णतया बर्जित गरेको छ । जनआन्दोलनका बलमा पुनर्स्थापित प्रतिनिधिसभाले त झन् छुवाछूतमुक्त राज्य नै घोषणा गऱ्यो । तर, यहाँ यस्ता गाउँ पनि छन् जहाँ छुवाछूतको निकृष्ट नमुना भेटिन्छ । बाँकेको चिसापानीका महिलाले देश छुवाछूतमुक्त घोषणा भएको महसुससम्म गर्न पाएका छैनन् । धारामा पानी भर्न जाँदा पनि उनीहरूले समुदायबाट अनेकथरी यातना भोग्नुपर्छ ।*

**✍ रूपा गहतराज**

***बाँके/*** घरमा आफ्नै धारा थिएन, बनाउने पैसा पनि छैन । छिमेकीको धारामा पानी भर्न जाँदा समुद्र नेपालीलाई छिमेकीले पानी भर्नै दिएनन् । बरु गालीगलौज गर्दै भाँडा नै फालिदिए । "अबदेखि नआउनु, हामी डुमले छोएको पानी खाँदैनौं" छिमेकीको धारामा पानी भर्न जाँदा उनलाई यसरी अपमान गरियो । अहिले उनलाई पानी नै पिउन नपाउने अवस्था आइलागेको छ ।

बाँकेको चिसापानी-५ की समुद्रलाई कहाँबाट पानी ल्याएर गुजारा गर्ने भन्ने चिन्ता छ । सार्वजनिक धारा घरबाट धेरै टाढा पर्छ, त्यहाँ पनि गाउँले हुँदा पानी भर्न पाइँदैन । धारामा कोही नहुँदा मात्र पानी लिन जान्छिन् । "सानो जातकाले त पानी पनि पिउन नपाइने भो" उनले दुःखेसो सुनाइन्, "कसैले नदेख्ने गरी पानी भर्न जान्छु ।" कमाउन भारत गएका लोग्ने घर फर्केका छैनन् । गाउँका प्रताप रोकायले घरजग्गा पनि झुक्याएर आफ्नो नाममा पास गरे । कुन दिन यहींबाट पनि उठिबास लाग्ने हो थाहा छैन । गाउँलेका कपडा सिलाएर गुजारा गर्ने समुद्रले गाउँलेबाटै अन्यायमात्र सहनुपरेको छ । भन्छिन्, "कसैको बिगार नगरी आफ्नो काम गर्दा पनि कुकुरजस्तो व्यवहार गर्छन् ।"

राज्यले छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको महिनौं बितिसक्यो । तर समुद्रजस्ता दलित महिलाले धारामा पानीसमेत भर्न पाउँदैनन् । अनेक दुर्व्यवहार खेप्नुपछ, जे-जस्तो दुर्व्यवहार, अत्याचार भए पनि चुपचाप सहनुपर्छ । केही बोल्न पाइँदैन, बोले गाउँबाटै निकालिदेलान् भन्ने डर । "सानाले ठूला

*बाँकेको चिसापानी-५ की समुद्रलाई कहाँबाट पानी ल्याएर गुजारा गर्ने भन्ने चिन्ता छ । सार्वजनिक धारा घरबाट धेरै टाढा पर्छ, त्यहाँ पनि गाउँले हुँदा पानी भर्न पाइँदैन । धारामा कोही नहुँदा मात्र पानी लिन जान्छिन् । "सानो जातकाले त पानी पनि पिउन नपाइने भो" उनले दुःखेसो सुनाइन्, "कसैले नदेख्ने गरी पानी भर्न जान्छु ।" कमाउन भारत गएका लोग्ने घर फर्केका छैनन् । गाउँका प्रताप रोकायले घरजग्गा पनि झुक्याएर आफ्नो नाममा पास गरे । कुन दिन यहींबाट पनि उठिबास लाग्ने हो थाहा छैन ।*

जातकासँग बोल्नै पाइँदैन, बोले कुटाइ खाने डर हुन्छ" उनी भन्छिन् ।

सरकारले छुवाछूतमुक्त राष्ट्र घोषणा गरे पनि समुद्रजस्ता दलित महिला अहिलेसम्म छुवाछूतको सिकार बनिरहेका छन् । गरिबीले साँझबिहानको छाक टार्ने चिन्ता छँदैछ, त्यसमाथि माथिल्लो जातकाले गर्ने दुर्व्यवहारको पीडा । चिसापानी- ५ की जर्मशिला विश्वकर्माले पनि वर्षौंदेखि यही पीडा भोगिरहेकी छिन् । छिमेकीले

*कानुनले छुवाछूत बर्जित गरेकाले कसैले यस्तो अपराध गरे कडा कानुनी कारबाहीको व्यवस्था छ । तर, छुवाछूत बढिरहँदा कसैमाथि कारबाही भएको देखिंदैन । १ असोज २०६३ मा डोटीको राधाकृष्ण मन्दिर प्रवेश गर्न खोज्ने दलितहरूमाथि त गैरदलितले सांघातिक आक्रमणै गरे, त्यसमा दलितलगायत पाँच दर्जनजति घाइते भए । उनीहरू सामूहिक रूपमा मन्दिर प्रवेश गर्न खोज्दा आक्रमण भएको थियो । यसको विरोधमा दलित संघसंस्थाले जिल्लादेखि राजधानीसम्म विरोध प्रदर्शन त गरे । तर यसबारे न सरकार गम्भीर बन्यो न दलितमाथि आक्रमण गर्नेहरूलाई नै कुनै कारबाही भयो ।*

टर्चलाइट, रेडियो बनाउने काम गर्थे । उनको टर्चलाइट बिग्रियो, बनाउन छिमेकीलाई दिइन् । अर्को दिन उनी टर्चलाइट लिन जाँदा बनेको रहेनछ । "छिमेकी बा, टर्च किन बनाइदिनुभएन, रातिराति घरबाहिर निस्कँदा सर्पको डर हुन्छ, हामीलाई त आपतै हुन्छ" भनेपछि छिमेकीको पारो तात्यो । उनले गालीगलौज गर्दै उनीमाथि हातपात पनि गरे । "मैले त्यति सोध्दा तँ डुम, बढ्ता जान्ने हुन्छेस् भन्दै सुन्नै नसक्ने गरी गाली गरे" उनी भन्छिन्, "चुपचाप सहेर केही नबोली बस्नुपर्‍यो ।" उनी दुःखेसो पोख्छिन्, "कोही गाउँले हाम्रो लागि बोल्दैनन्, न्याय कहाँ खोज्नु त्यसैले चुपचाप सहेर बस्नुपर्छ ।"

गाउँमा बसेको १२ वर्ष भइसक्यो, तर उनले कहिल्यै गाउँलेबाट मान्छेको व्यवहार पाएकी छैनन् । ५ वर्षअघि कमाउन भारत गएका लोग्ने अहिलेसम्म फर्केर आएका छैनन्, घर चलाउन साह्रै गाह्रो छ । त्यसमाथि गाउँलेबाट गरिने दुर्व्यवहार झनै दर्दनाक छ ।

चिसापानीमा मुगु र जुम्लाबाट बसाइँ सरेका ५५ दलित परिवार बस्छन् । सबैको पीडा यस्तै छ । नेपालगन्जबाट २५ किलोमिटर टाढा राजमार्गछेउको यो गाउँका दलित अहिलेसम्म सार्वजनिक धारामा पानी भर्न पाउँदैनन् । गरिखाने जग्गाजमिन नभएको, पढेलेखेका नहुनाले पुरुषहरू कमाउन भारत जान्छन् । गाउँमा महिला र बालबालिका मात्र छन् । उनीहरूले छुवाछूत र दुर्व्यवहारको चर्को पीडा भोग्नुपरेको छ ।

दलित, त्यसमाथि पनि महिला भएकै कारण उनीहरूले बढी दुर्व्यवहार खेप्नुपरेको छ । घरमा लोग्नेमान्छे नभएकाले महिलामाथि दुर्व्यवहार गर्न गाउँलेलाई सजिलो छ । "महिला भएकैले दुर्व्यवहार खेप्नुपर्छ, तर हाम्रो पीडा कसले बुझिदिने" चिसापानीसँगै जोडिएको नौबस्ता- ८ की शारदा विक दुःखेसो सुनाउँछिन् । भन्छिन्, "सानो जातकाले त माथिल्लो जातकाले जे गरे पनि चुपचाप सहेर बस्नुपर्नेरहेछ, केही बोल्न खोजे नानाभाँती आरोप लगाएर समाजमै बद्नाम गर्छन् ।"

रेडियोबाट छुवाछूत अन्त्य भएको सुनेका दलित महिला गाउँमा दुर्व्यवहार नहटेकोमा चिन्तित छन् । "रगत सबैको एउटै हो, काटेपछि रातै आउँछ" भन्ने नारा उनीहरूले रेडियोमा धेरैपल्ट सुने, दलित र गैरदलित सँगै बसेर सहभोज गरेका खबर पनि सुनेका छन् । त्यसैले पिउलीसरा विश्वकर्माले कान्छोछोराको न्वारानमा 'माथिल्लो जात' का छिमेकीलाई बोलाइन् । तर, छिमेकीलाई घरमा बोलाउनु अपराध सावित भयो । "उनी घरभित्रै पसेनन्, बरु डुमको घरमा हामी किन पस्ने भन्दै अपमान गरेर फर्किए" उनले दुर्व्यवहार सम्झँदै भनिन्, "हामीलाई त सबै जात एउटै हौं भन्ने दिन आइसक्यो जस्तो लाग्थ्यो, तर होइनरहेछ ।"

नेपालगन्जमा दलितसम्बन्धी काम गर्ने थुप्रै संघसंस्था छन् । छेवैको यो गाउँमा भने ती संस्थाको भूमिका शून्य देखिन्छ । दलित महिलामाथि बारम्बार भइरहेका दुर्व्यवहारमा उनीहरूको ध्यानै पुगेको छैन । ठकुरी, बाहुन र क्षेत्रीहरूको बाहुल्य रहेको गाउँमा धेरै पढेलेखेका र जान्नेबुझ्ने छन् । तर, उनीहरू दलित महिलामाथि भने अन्याय र दुर्व्यवहार गर्छन् ।

दलित गैरसहकारी संस्था महासंघका क्षेत्रीय अध्यक्ष जसबहादुर विश्वकर्मा राज्यले छुवाछूतमुक्त घोषणा गरे पनि व्यवहारमा लागू गर्न नसक्नु कमजोरी रहेको बताउँछन् । भन्छन्, "यतिमात्र भए दलितमाथिको भेदभाव र छुवाछूतमा धेरै कमी आउनेछ ।"

दलितसम्बन्धी संस्था उत्पीडित समुदाय जागरण मञ्च (डोक्फा) का अध्यक्ष नन्द विश्वकर्मा कानुनले छुवाछूत र जातीय विभेद अन्त्य गरे पनि व्यवहारमा लागू नभएको बताउँदै भन्छन्, "समाजका बुद्धिजीवीलगायत सबैको साझा प्रयासको आवश्यकता छ ।" महिला आफैंले यसका विरुद्ध आवाज उठाउनुपर्ने उनको सुझाव छ । भन्छन्, "तर महिला अधिकारवादीहरू यसबारेमा बोल्दैनन्, कानमा तेल हालेर बस्छन् ।"

कानुनले छुवाछूत बर्जित गरेकाले कसैले यस्तो अपराध गरे कडा कानुनी कारबाहीको व्यवस्था छ । तर, छुवाछूत बढिरहँदा कसैमाथि कारबाही भएको देखिँदैन । १ असोज २०६३ मा डोटीको राधाकृष्ण मन्दिर प्रवेश गर्न खोज्ने दलितहरूमाथि त गैरदलितले सांघातिक आक्रमणै गरे, त्यसमा दलितलगायत पाँच दर्जनजति घाइते भए । उनीहरू सामूहिक रूपमा मन्दिर प्रवेश गर्न खोज्दा आक्रमण भएको थियो । यसको विरोधमा दलित संघसंस्थाले जिल्लादेखि राजधानीसम्म विरोध प्रदर्शन त गरे । तर यसबारे न सरकार गम्भीर बन्यो न दलितमाथि आक्रमण गर्नेहरूलाई नै कुनै कारबाही भयो ।

छुवाछूतका घटनाबारे अनुसन्धान पद्धति नभएको, भेदभाव गर्नेमाथि कुनै कारबाही नभएकाले यस्ता घटनामा कमी नआएको उनको ठम्याइ छ । भन्छन्, "गल्ती गर्नेलाई कडा कारबाही हुनुपर्‍यो, अनि मात्र त्यस्तो सोचाइमा परिवर्तन आउँछ ।"

जातीय भेदभाव र छुवाछूत मानवअधिकारविरोधी हो । व्यक्तिको स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने अधिकारलाई यसले कुण्ठित मात्रै गरेको छैन, उनीहरूलाई गम्भीर मानसिक यातना पनि दिएको छ । राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयका अधिकृत सरिता ज्ञवाली आयोगमा यस्ता उजुरी नगन्य संख्यामा मात्र आउने गरेको उल्लेख गर्दै भन्छिन्, "थोरै हुने भएकाले यस्ता मुद्दालाई दलित गैरसरकारी संस्था महासंघमा पठाउँछौं ।" सरकार र दलितका क्षेत्रमा काम गर्ने संघसंस्था गम्भीर बन्नुपर्ने उनको सुझाव छ । भन्छिन्, "दलित महिला स्वयम्लाई पनि सचेत र आत्मनिर्भर बनाउनुपर्छ ।"

*"रगत सबैको एउटै हो, काटेपछि रातै आउँछ" भन्ने नारा उनीहरूले रेडियोमा धेरैपल्ट सुने, दलित र गैरदलित सँगै बसेर सहभोज गरेका खबर पनि सुनेका छन् । त्यसैले पिउलीसरा विश्वकर्माले कान्छोछोराको न्वारानमा 'माथिल्लो जात' का छिमेकीलाई बोलाइन् । तर, छिमेकीलाई घरमा बोलाउनु अपराध सावित भयो । "उनी घरभित्रै पसेनन्, बरु डुमको घरमा हामी किन पस्ने भन्दै अपमान गरेर फर्किए" उनले दुर्व्यवहार सम्झँदै भनिन्,*

तर, सरकार र गैरसरकारी क्षेत्रबाट जातीय भेदभाव र छुवाछूत अन्त्यका लागि थुप्रै प्रयास भएको देखाइए पनि ती प्रयास लक्ष्यित समुदायमा पुग्न सकेका छैनन् । शहरमा बसेर गाउँका समस्याको अनुमान गर्ने प्रवृत्ति कायमै रहेसम्म यस्ता समस्या यथावत् रहनेछन् । र, त्यतिञ्जेलसम्म समुद्र नेपालीले जस्तै धारामा पानी भर्न पनि नपाउने समस्या दलित महिलाले भोगिरहनुपर्नेछ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# लडेपछि मिल्दोरहेछ अधिकार

*भनिन्छ, अधिकार मागेर होइन, लडेर लिनुपर्छ । बर्दियाको ढोढरी इलाकाका महिलाहरूले त्यही गरे । अधिकारका लागि आवाज उठाए, र जल उपभोक्ता समितिमा ३३ प्रतिशत स्थान सुरक्षित गरे । तर उनीहरूको अधिकार प्राप्तिको लडाइँ अझै जारी छ । जिल्लाका अरू महिलाले पनि यसबाट पाठ सिक्नु जरूरी छ ।*

✍ **सिर्जना विक**

***बर्दिया/*** "महिलाले पुरुषसरह काम गर्न सक्दैनन्" भन्नेहरूको मुखमा उनीहरूले बुझो लगाइदिएका छन् । घरको काम मात्रै होइन, समाजमा पुरुषले मात्र गर्ने भनेर चिनिएका सिंचाइ, नहर, बाटोघाटो, कुलो बनाउने, मर्मत गर्नेदेखि जनश्रमदानका सबै काममा महिला खट्न थालका छन् । यसले 'महिलाले काम गर्न नसक्ने' पुरुषको भनाइलाई चुनौती दिएको छ । पुरुषले गर्ने काममा महिलाले हात हालेपछि कामअनुसारको भूमिका खोज्नु स्वाभाविक थियो । उनीहरूले त्यो अधिकार खोजे पनि । सिंचाइसम्बन्धी सबै काम गर्ने महिलाले त्यससम्बन्धी नीतिगत काम हुने उपभोक्ता समितिमा आफ्नो सहभागिता हुनुपर्ने आवाज उठाए ।

तर पुरुषहरूले उनीहरूलाई काममा सँगै लिएर गए पनि समितिमा भने बस्न दिने वातावरण बनाइदिएनन् । महिलाहरू समितिमा बस्नुहुँदैन भन्दै त्यसका लागि अवरोधसमेत सिर्जना गरे । उनीहरूले "यस्तो काम पुरुषले मात्र गर्नुपर्छ, राजनीति गर्ने ठाउँमा महिला बसेको सुहाउँदैन" सम्म भने । तर महिलालाई यो सह्य भएन । महिला भएकै कारण यस्तो भेदभाव भएपछि बर्दियाको ढोढरी इलाकाअन्तर्गतको सिंचाइ जलउपभोक्ता समितिका महिलाले त्यसविरुद्ध चर्को आवाज उठाए ।

ढोढरी, बग्नाहा, सानोश्री, ताराताल गाविस र गुलरिया नगरपालिका क्षेत्रका किसान संगठित समितिमा महिलाको सहभागिता शून्य थियो । बल्लबल्ल पुरुषले गर्ने काममा हात हालेर उपभोक्ता समितिमा पनि आफ्नो स्थान खोज्न थालेका महिलाले त्यसपछि एकजुट भई संगठित आवाज उठाउने निधो गरे । महिला सहभागिता नभए

*विधानमा "आफ्नो नाममा जग्गा हुनेहरू मात्र उपभोक्ता समितिमा बस्न पाउने, अरूले नपाउने" उल्लेख छ । तर, अधिकांश महिलाहरूको आफ्नो नाममा जग्गा छैन । पुरुषप्रधान समाजमा महिलाका नाममा जग्गा भएका उदाहरण दुर्लभ मात्रै भेटिन्छन् । त्यसैले महिलाका लागि उपभोक्ता समितिमा स्थान पाउनु एकदमै गाह्रो काम हो । "एउटा परिवारमा जसको नाममा जग्गा भए पनि परिवारका सबै सदस्यको बराबर अधिकार हुन्छ, लोग्ने समितिमा बस्छ भने स्वास्नी पनि बस्न पाउनुपर्छ" सीता सिग्देल भन्छिन् ।"*

समितिका सबै काम ठप्प पारिदिने चेतावनीसम्म उनीहरूले दिए ।

सुरुमा केही सुनुवाइ भएन । बरु गाउँका पुरुषले 'पोथी बासेको राम्रो हुँदैन' भन्दै कतिको त अवहेलनासमेत गरे । तर महिलाहरू निराश बनेनन् र चुप लागेर पनि बसेनन् । गाउँगाउँका महिलालाई यसबारे सचेत गराउँदै संगठित गर्न थाले । उनीहरूको आवाज चर्को बन्दै गएपछि अन्ततः

*ढोढरी इलाकाअन्तर्गत पर्ने उपभोक्ता समितिका महिलाले त बेलैमा आवाज उठाए र आफ्नो नाममा जग्गा भएकाले मात्रै भए पनि समितिमा प्रतिनिधित्व गर्ने अवसर पाए । तर, जिल्लाका अन्य स्थानका महिलाले त्यही पनि पाएका छैनन् । जिल्ला सिंचाइ जलउपभोक्ता महासंघका अनुसार, बर्दियामा १३ वटा समिति छन्, ११ वटा त विधिवत दर्ता छन् । तर, ती कुनैमा महिलाको सहभागिता छैन । महासंघका अध्यक्ष डबलसिंह साउद महिलामाथि भेदभाव नगरेको बताउँछन् । विधानमा नै त्यही भएकाले यस्तो भएको हो- उनी भन्छन् ।*

पुरुषलाई महिला सहभागिता स्वीकार्न करै लाग्यो । कार्यसमितिमा महिलालाई समावेश गर्ने चासो देखाइयो । यसले उपभोक्ता समितिमा पहिलोपटक महिलाको उपस्थिति रहेको छ ।। "अहिले समितिमा ३३ प्रतिशत महिला छन्" लामो समय संघर्ष गरेपछि यो सफलता मिलेको बताउँदै ढोढरी-७ की पुष्पा सिग्देल भन्छिन्, "हामीले धेरै संघर्ष गर्नुपऱ्यो ।" सिंचाइ जलउपभोक्ता समितिको २४ सदस्यीय कार्यसमितिमा अहिले ८ जना महिला छन् ।

कार्यसमितिमा ३३ प्रतिशत स्थान पाएपछि महिलाले उठाएको माग त केही पूरा भयो । अब पुरुषसरह उनीहरूले पनि समितिभित्र आवाज उठाउन सक्नेछन् । तर, यथार्थमा महिलाले अझै पनि अधिकार नपाएका रहेछन् । तर, आफ्नो नाममा जग्गा हुने महिलाले मात्र समितिमा प्रतिनिधित्व गर्न पाएका छन् । आफ्नो नाममा जग्गा नहुने महिला उपभोक्ता समितिमा बस्न पाउँदैनन् । किनकि उपभोक्ता समितिको विधानमै त्यही उल्लेख छ । पुष्पा भन्छिन्, "यो फेरि भेदभाव भयो, आफ्नो नाममा जग्गा हुनैपर्ने बाध्यता छ । महिलाका नाममा जग्गा छैन भन्ने थाहा पाएर जानीजानी पुरुषले यस्तो नियम बनाएका हुन् ।"

महिलाहरू जग्गाको भेदभाव नराखी उपभोक्ता समितिमा बस्न पाउनुपर्ने माग गर्दै फेरि संघर्षमा उत्रेका छन् । उनीहरूले जसरी पनि अधिकार लिइछाड्ने अठोट गरेका छन् । "लोग्ने समितिमा बस्न पाउने स्वास्नी बस्न नपाउने यो कस्तो नियम हो" ढोढरीकी सीता सिग्देल भन्छिन्, "हामी अब सहेर बस्दैनौं, सजिलै नभएपछि लडेर त्यो अधिकार लिइछाड्छौं ।"

सिंचाइ जलउपभोक्ता समिति किसानहरूको साझा संस्था हो । राम्रो सिंचाइ सुविधा नभए सिंगो परिवार भोकभोकै पर्ने खतरा रहन्छ । सिंचाइ सुविधा नभएका ठाउँमा सिंचाइ सुविधा पुऱ्याउने, समुदायमा सिंचाइसम्बन्धी सबै योजना, नीतिनियम र कार्यक्रम तर्जुमा गर्ने, परेका समस्या समाधान गर्ने उपभोक्ता समिति नै हो । कृषिको काममा पनि महिलाको सहभागिता उल्लेख्य छ । तर, तिनै महिलाहरू उपभोक्ता समितिमा भने बस्न नपाउनु विडम्बना हो ।

यसमा बाधक सिंचाइ जलउपभोक्ता समितिको विधान बनेको छ । विधानमा "आफ्नो नाममा जग्गा हुनेहरू मात्र उपभोक्ता समितिमा बस्न पाउने, अरूले नपाउने" उल्लेख छ । तर, अधिकांश महिलाहरूको आफ्नो नाममा जग्गा छैन । पुरुषप्रधान समाजमा महिलाका नाममा जग्गा भएका उदाहरण दुर्लभ मात्रै भेटिन्छन् । त्यसैले महिलाका लागि उपभोक्ता समितिमा स्थान पाउनु एकदमै गाह्रो काम हो । "एउटा परिवारमा जसको नाममा जग्गा भए पनि परिवारका सबै सदस्यको बराबर अधिकार हुन्छ, लोग्ने समितिमा बस्छ भने स्वास्नी पनि बस्न पाउनुपर्छ" सीता सिग्देल भन्छिन्, "महिलाका नाममा जग्गा नभएको जान्दाजान्दै विधानमा त्यही राख्नु महिलामाथि जानीजानी भेदभाव गर्न खोजिएको हो ।"

महिलाहरूले सहभागिता खोजेपछि समितिका अध्यक्ष रविन्द्रबहादुर शाहले लोग्नेको नाममा भएको जग्गा आफ्नो नाममा पास गर्न महिलालाई सुझाव दिए । त्यति भएपछि समितिमा समान हैसियत राख्न कसैको अवरोध नहुने उनको भनाइ थियो । समितिका कोषाध्यक्ष केदार सिग्देल आफ्नो नाममा जग्गा नभएकालाई सदस्यता दिन

नमिल्ने र महिलाले आफ्नै लोग्नेसँग लडेर जग्गा आफ्नो नाममा गर्नुपर्ने बताउँछन् ।

तर, महिलालाई यसो गर्नु सजिलो कुरा होइन । पहिलो कुरा उपभोक्ता समितिमा बस्नकै लागि लोग्नेको नामको जग्गा आफ्नो नाममा गर्नु सजिलो छैन । “हामी किसान हौं भने हाम्रो नाममा जग्गा भए पनि नभए पनि अधिकार पाउनुपर्छ, चाहे त्यो पुरुष होस् या महिला” भद्रा पाण्डे भन्छिन्, “यो त चलिरहेको घरपरिवारमा झगडा पार्ने कुरा भयो, जग्गा आफ्नो नाममा नभए पनि हामी समितिमा बस्न पाउनुपर्छ, त्यसका लागि हामी लड्न तयार छौं ।”

ढोढरी इलाकाअन्तर्गत पर्ने उपभोक्ता समितिका महिलाले त बेलैमा आवाज उठाए र आफ्नो नाममा जग्गा भएकाले मात्रै भए पनि समितिमा प्रतिनिधित्व गर्ने अवसर पाए । तर, जिल्लाका अन्य स्थानका महिलाले त्यही पनि पाएका छैनन् । जिल्ला सिंचाइ जलउपभोक्ता महासंघका अनुसार, बर्दियामा १३ वटा समिति छन्, ११ वटा त विधिवत दर्ता छन् । तर, ती कुनैमा महिलाको सहभागिता छैन । महासंघका अध्यक्ष डबलसिंह साउद महिलामाथि भेदभाव नगरेको बताउँछन् । विधानमा नै त्यही भएकाले यस्तो भएको हो- उनी भन्छन् । “विधानमै आफ्नो नाममा जग्गा हुनेहरू मात्र उपभोक्ता समितिको सदस्य हुने उल्लेख छ, त्यसैले हामीले कसरी भेदभाव गर्‍यौं ?” उनी भन्छन्, “त्यसका लागि त विधान नै परिवर्तन गर्नुपर्छ, नत्र अरू उपाय छैन ।”

अधिकारका लागि संघर्षमा उत्रेका महिलाले महिलामाथि भेदभाव गरिएको विधान परिवर्तन गरी महिलालाई समान मौका दिनुपर्ने माग गरेका छन् । “महिलाका नाममा जग्गा हुँदैन भन्ने जान्दाजान्दै यस्तो विधानको के काम, संशोधन गरी महिलाका लागि पनि अवसर खुल्ला गर्नुपर्छ” बग्नाहाकी फूलमती चौधरी भन्छिन् ।

त्यसै पनि बर्दिया जिल्ला देशकै अन्नभण्डार मानिन्छ । यहाँ उत्पादित खाद्यान्न देशभरका मान्छेले उपभोग गर्छन् । तर, त्यही खाद्यान्न उत्पादनमा उल्लेख्य योगदान भएका महिलाहरू यसरी भूमिकाविहीन बन्न बाध्य छन् । बर्दियामा महिला एक्लैले सामुदायिक वन बनाएका उदाहरण प्रशस्त छन् । महिलाले संरक्षण गरेका सामुदायिक वनमा वन संरक्षणका उदाहरणीय कामसमेत भएका छन् । पुरुषले संरक्षण गरेका बनमा बरु बनफडानी भएको छ, तर महिलाले गरेकामा त्यस्तो छैन । “हामी सिंचाइमा पनि त्यही गर्न चाहन्छौं, एकपल्ट मौका त दिनुपर्‍यो,” पुष्पा सिग्देल भन्छिन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# न्यायको खोजीमा भौंतारिँदा

***माइती नेपाल कञ्चनपुरको तथ्याङ्कअनुसार विगत तीन वर्षयता कैलाली र कञ्चनपुरमा मात्र ८ सय ७० महिला घरेलु हिंसाका मुद्दा लिएर आएका छन् । जसमध्ये ८ सय ८८ जना महिलाले न्याय पाइसकेका छन् । धेरैलाई त परिवारसित पुनर्मिलन गराइएको माइती नेपालले जनाएको छ । अन्य १८ जना महिलालाई सीपमूलक तालिम दिई जिल्लामा पुनर्स्थापना गरिएको माइती नेपालका प्रमुख केशव कोइराला बताउँछन् ।***

✍ **निमा काफ्ले**

***महेन्द्रनगर ।*** २७ वर्षीया विष्णा सार्की र उनका श्रीमान् एउटै घरमा बस्छन् । तर उनको न त श्रीमान्सँग सम्बन्ध छ न त घरपरिवारका अन्य सदस्यसँग नै । उनी आफ्नै घरमा एक्ली छन् । किन त ? कञ्चनपुरको महेन्द्रनगर नगरपालिका वडा नं. ४ गोबरैयाकी विष्णा भन्छिन्, “धेरै दाइजो नल्याएको निहुँमा दिनहुँ घरपरिवारका सदस्यले यातना दिन थालेपछि एक्लो बस्न बाध्य भएँ ।”

त्यस्तै बैतडी जिल्ला देउलेख गाविस-४ बस्ने राधिका कार्की लोग्नेले दिनहुँ यातनादिन

थालेपछि गैरसरकारी संस्था माइती नेपालको शरणमा पुगेकी छन् ।

कञ्चनपुर खैरभट्टीकी विष्णा चन्द श्रीमान्को मृत्युपछि घरबाटै लखेटिइन् । अंश कब्जा गर्न जेठाजुले उनलाई घरबाट निकालेर नाबालिका छोरीलाई भने आफूसँगै राखे । छोरीको विवाहमा समेत आफूलाई नसम्झेकोमा उनी गुनासो गर्छिन् ।

बितेका १५ वर्षमा उनले छोरीसँग भेट गर्नसमेत पाइनन् । हाल उनी धनगढीमा अर्काको घरमा काम गरेर दिन काटिरहेकी छन् ।

सुदूरपश्चिममा अहिले पनि विभिन्न कारणबाट हुने घरेलु हिंसा खप्न बाध्य छन् महिला । पीडितमध्ये थोरै मात्रले आफ्ना हकहित र अधिकारका लागि विभिन्न संघसंस्थामार्फत लडिरहेका हुन्छन् ।

विष्णाले विवाह गरेर पराईको घर जाँदा निकै ठूला सपना देखेकी थिइन् । सँगै मर्ने, बाँच्ने वाचा गरेकी विष्णाले विवाह भएको केही महिनाभित्रै दाइजो नल्याएका कारण दिनहुँजसो घरपरिवारको कुटाइ खाइन् ।

उनका लोग्ने पैसा कमाउन भारत गएका थिए । दाइजो नल्याएको निहुँमा जेठाजुले मरणासन्न हुने गरी धेरै पटक कुटे, उनले दुःखेसो पोख्दै भनिन्, "जेठाजुले कतिपटक सुतिरहेकै अवस्थामा घाँटीमा पासो लगाई झुन्ड्याउने प्रयाससमेत गरे तर भाग्यबस म बचें ।"

परिवारका अन्य सदस्यहरूले पनि अर्को विवाह गरेर दाइजो भित्र्याउने धम्कीहरू पटकपटक दिएर मानसिक यातना दिएको उनले बताइन् ।

यसरी दिनहुँ मानसिक तथा शारीरिक यातना खेप्नुपरेपछि विष्णाले आत्महत्या गर्ने सोच पनि नबनाएकी होइनन् । तर कञ्चनपुर जिल्लामा महिला हकअधिकारका लागि विगत ७ वर्षदेखि काम गर्दै आइरहेको नारी उत्थान केन्द्रको सम्पर्कमा पुगेपछि भने उनले अधिकारका लागि लड्ने प्रेरणा पाइन् । त्यहींबाट लडेर उनले अंश लिइछाडिन् । मुद्दा लडेर अंश पाएपछि भने उनी छुट्टै बस्न थालिन् । त्यही घरको एउटा कोठामा उनी आफैं पकाएर खान थालिन् । तर मानसिक यातना भने

*यसरी दिनहुँ मानसिक तथा शारीरिक यातना खेप्नुपरेपछि विष्णाले आत्महत्या गर्ने सोच पनि नबनाएकी होइनन् । तर कञ्चनपुर जिल्लामा महिला हकअधिकारका लागि विगत ७ वर्षदेखि काम गर्दै आइरहेको नारी उत्थान केन्द्रको सम्पर्कमा पुगेपछि भने उनले अधिकारका लागि लड्ने प्रेरणा पाइन् । त्यहींबाट लडेर उनले अंश लिइछाडिन् । मुद्दा लडेर अंश पाएपछि भने उनी छुट्टै बस्न थालिन् ।*

अझै खेपिरहनुपरेको छ । भन्छिन्, "खानेपानीका लागि घरको धारासमेत प्रयोग गर्न नदिएपछि अर्काको घरबाट पानी ओसारेर खानु परेको छ ।"

उता घरपरिवार हुँदाहुँदै पनि अर्काको घरमा बस्दै आएकी विष्णा चन्दको गुनासो छ, "पाँच वर्षकी छोरीलाई समेत मबाट खोसेर मलाई जेठाजुले घर निकाला गरे । आफ्नै घरबाट निकालिएपछि माइतीको शरणमा जाँदा माइतीले समेत राम्रो व्यवहार गरेनन् ।"

१७ वर्षदेखि म न्यायको खोजीमा छु । उनले भनिन्, "तर अब त न्याय पाउने आशा पनि मरेको छ ।"

नेकपा माओवादीको सदस्यता परित्याग गरेर सुरक्षाफौजसमक्ष आत्मसमर्पण गरेकी १८ वर्षीया राधिका कार्कीको जीवन पनि अहिले कम कष्टकर छैन । आत्मसमर्पणपछि उनले नयाँ जीवन सुरुवात गर्न नेपाल प्रहरीका एक जवानसँग विवाह गरिन् । तर विवाह गरेको केही दिनमै राधिकाका दुःखका दिन सुरु भए । केही दिनमै श्रीमान्ले विगतको कुरा कोट्याउँदै अनेक लाञ्छना लगाई कुटपिट गर्न थाले । उनी भन्छिन्, "तँ माओवादीमा गएकी होस्, तेरो केको इज्जत छ भन्दै रक्सी खाई दिनहुँ गाली, बेइज्जती गर्दै कुट्ने गर्दथ्यो ।"

*नेकपा माओवादीको सदस्यता परित्याग गरेर सुरक्षाफौजसमक्ष आत्मसमर्पण गरेकी १८ वर्षीया राधिका कार्कीको जीवन पनि अहिले कम कष्टकर छैन । आत्मसमर्पणपछि उनले नयाँ जीवन सुरुवात गर्न नेपाल प्रहरीका एक जवानसँग विवाह गरिन् । तर विवाह गरेको केही दिनमै राधिकाका दुःखका दिन सुरु भए । केही दिनमै श्रीमान्‌ले विगतको कुरा कोट्याउँदै अनेक लाञ्छना लगाई कुटपिट गर्न थाले ।*

जे-जस्तो भए पनि पति हो भनेर उससँग बस्दै आएकी थिएँ । तर उसैले छोड्यो, राधिकाले भनिन्, "न्याय पाउन अहिले उसैको विरुद्ध मुद्दा दिन बाध्य भएँ ।

श्रीमान्‌बाट लखेटिएपछि राधिका अहिले माइती नेपालमा शरण लिन बाध्य भएकी छन् ।

माइती नेपाल कञ्चनपुरको तथ्याङ्कअनुसार विगत तीन वर्षयता कैलाली र कञ्चनपुरमा मात्र ५ सय ७० महिला घरेलु हिंसाका मुद्दा लिएर आएका छन् । जसमध्ये ५ सय ५५ जना महिलाले न्याय पाइसकेका छन् । धेरैलाई त परिवारसित पुनर्मिलन गराएको माइती नेपालले जनाएको छ । अन्य १५ जना महिलालाई सीपमूलक तालिम दिई जिल्लामा पुनर्स्थापना गरिएको माइती नेपालका प्रमुख केशव कोइराला बताउँछन्

त्यसैगरी महिलासम्बन्धी नै काम गरिरहेको नारी उत्थान केन्द्रमा पनि ३ वर्षयता कञ्चनपुर जिल्लामा मात्र घरेलु हिंसाका सिकार भएका ८९ महिलामध्ये ६० जनाको परिवारसित पुनर्मिलन गराइएको सचिव अनिता केसीको दाबी छ । र, बाँकी २९ जना महिला भने न्यायका लागि अहिलेसम्म अदालतमा मुद्दा लडिरहेको केसी बताउँछिन् । "अरू जिल्लाभन्दा कञ्चनपुर जिल्लाका महिलाहरू घरेलु हिंसाको सिकार बढी भइरहेका छन्," जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दिलीप चौधरी भन्छन्, "पुरातनवादी सामाजिक संरचना र पितृसत्तात्मक सोचको बाहुल्यता भएकोले पनि यस्तो भएको हुनसक्छ ।"

दाइजो नल्याउनु, छोरी मात्र जन्मिनु, ढिलो बच्चा हुनु, पारिवारिक झैझगडाजस्ता कारण महिलाहरू घरेलु हिंसाका सिकार हुने गरेका छन् । घरेलु हिंसाबाट प्रताडित भएकै कारण केहीले आत्महत्यासमेत गरेको नारी उत्थानकी अनिता बताउँछिन् । रक्सी खाएर स्वास्नी कुट्नु अधिकार सम्झन्छन् यहाँका पुरुषहरू । यस्तो हिंसालाई यहाँका महिलाले सहज रूपमा लिन्छन् । जसले गर्दा पनि घरेलु हिंसाका घटनाहरू बढेका छन् । कतिपय महिलाले समाज र परिवारको इज्जतका लागि हिंसा सहेर बस्ने गरेको महिला हिंसाविरुद्ध काम गरिरहेकाको अनुभव छ ।

बहुविवाह, कुटपिट, बलात्कार, बेचबिखनजस्ता अपराधमा संलग्न व्यक्ति सजिलै छुट्ने गरेका छन् । पीडित महिलाहरू न्यायका लागि सम्बन्धित निकायमा जान अन्कनाउँछन्– अधिवक्तासमेत रहेका केशव कोइराला भन्छन्, "एकातिर महिलाका लागि पर्याप्त कानुन छैनन् अर्कोतिर भएका कानुन पनि पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन् ।

कतिपयको न्यायसम्म पहुँच हुँदैन, कतिपय आफ्ना समस्या बाहिर ल्याउन नै उचित ठान्दैनन्, अधिवक्ता कोइरालाको भनाइ छ, "जसका कारण महिलाहरू आत्महत्याको बाटो रोज्न पछि पर्दैनन् ।"

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार २०६२ साउनदेखि ०६३ असार मसान्तसम्म १८ झुन्डिएर, १३ विषसेवन गरेर, ५ कर्तव्य ज्यानबाट र एक महिलाले नदीमा हाम फालेर आत्महत्या गरेका छन् । ती सबैका पछाडि मुख्य कारण घरेलु हिंसा नै भएको प्रहरीको दाबी छ । तर पनि कसैलाई दोषी ठहऱ्याई कारबाही गरिएको उदाहरण भने प्रहरीसित छैन ।

प्रहरी नायब उपरीक्षक दिलीप चौधरी पर्याप्त प्रमाण र आधारको अभावमा दोषी सजिलै उम्कन पाइरहेको स्वीकार्छन् ।

पीडित महिला खुलेर आउन नसक्नुले पनि दोषीमाथि कारबाही गर्न कठिनाइ उत्पन्न भइरहेको चौधरीको भनाइ छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# क्याबिनमा काम गर्नेहरूको पीडा

*"मेनुकाजस्तै सिन्धुपाल्चोक चौतारा घर भएकी आशा लामा २ वर्षअघि माओवादी द्वन्द्वका कारण राजधानी छिरेकी थिइन् । घरको आर्थिक अवस्था कमजोर भएको र गाउँमा रोजगारीको अवसर नभएपछि उनी राजधानी पसेकी हुन् । २१ वर्षीया आशालाई काठमाडौं छिर्दा राम्रो, नराम्रो कामभन्दा पनि कसरी टिक्ने भन्ने चिन्ता नै बढी थियो । त्यसैकारण उनले क्याबिन रेष्टुरेण्टमा काम गर्न थालिन् ।"*

**✍ बिमला तुम्खेवा**

*काठमाडौं* / "काठमाडौंमा कसरी टिक्ने भन्ने समस्याकै कारण म दोहोरी साँझमा काम गर्न पुगें ।" रक्षा नेपालकी संस्थापक अध्यक्ष मेनुका थापाले यसो भनिरहँदा उनको अनुहारमा कतै हीनताबोध देखिएन ।

मासिक पैंतीस सय तलबबाट काम थाले पनि पछि पाँच हजारसम्म भयो । हरेक साँझ मञ्चमा दोहोरीगीत गाउँदा मेनुकाले आफ्नो परम्परागत लोकभाकाको गीत बढी गाउनुपर्थ्यो । यसो गर्दा आफूलाई रोजगारी पनि मिलेको र परम्परा, संस्कृति पनि जोगिएको उनी बताउँछिन् । आफूलाई दोहोरी साँझमा काम गर्दा कुनै पछुतो नभएको र यो पेशा आफैंमा नराम्रो नभएको मेनुकाको दाबी छ ।

आमाले दिएको ३० रुपैयाँ बोकेर उनी २०५६ सालमा काभ्रेपलाञ्चोकको पनौतीबाट काठमाडौंमा आएकी हुन् । काठमाडौं आउँदा उनमा संगीत क्षेत्रमा लागेर चर्चित गायिका बन्ने सपना थियो । दुई वर्षअगाडि गाउँमा गएका बुद्ध एयरका प्रोप्राइटर मोहनबहादुर थापाको सहयोगमा नै मेनुकाले काठमाडौंमा पढ्नेसम्मको सुविधा पाइन् । मेनुका भन्छिन्, "काठमाडौंमा काम खोज्ने क्रममा कति दिन त भोकै पनि बस्नुपर्‍यो ।"

उनी आमाको गर्भमा हुँदा नै उनका बुबाको मृत्यु भएको थियो । त्यतिबेला सबैले 'बाबु टोक्ने' भन्दा आफूलाई सबभन्दा बढी पीडा भएको बताउँछिन् मेनुका ।

आफू यो पेशामा नै रहँदा लालदरबार दोहोरी साँझमा कार्यरत महिला कर्मचारीमाथि ग्राहकहरूले गरेको नराम्रो व्यवहारका कारण

*व्याप्त बेरोजगारी समस्याका कारण तुरुन्त पाउन सकिने जागिर भनेको होटल वा क्याबिन नै हो । द्वन्द्व चर्किएपछि जिल्ला र गाउँबाट हजारौंको संख्यामा विस्थापित हुनेका लागि कुनै बेला यो भरपर्दो पेशा भएको थियो । देशमा खस्कँदो उद्योग र कलकारखानाका कारण चर्को बेरोजगार समस्याबाट गुज्रनु परिरहेको छ । सुनसरी निवासी इन्द्रकला न्यौपाने (नाम परिवर्तन) ले दुई छोरा र आफ्नो घरव्यवहार यही पेशाबाट धान्दै आएकी छिन् ।*

मेनुकाले जागिर छोडेकी थिइन् । अहिले कामको सिलसिलामा मसाज सेन्टर र होटलहरूमा गएर महिलाहरूलाई काउन्सिलिङ्ग गर्नु मेनुकाको दैनिकी बनेको छ । मेनुकासँग बसेर पढिरहेकी धादिङ्गकी कुमारी गुरुङ्ग भन्छिन्, "दिदीले मलाई यहाँ नल्याएको भए म आज पनि त्यहीं हुन्थें ।" हाल उनी पद्मकन्या क्याम्पसमा आई.ए. दोस्रो वर्षमा अध्ययन गर्दैछिन् । मेनुका विगततिर फर्कंदै भन्छिन्, "तर संघर्ष गरियो भने सफल भइँदोरहेछ ।"

"क्याबिनमा काम गर्नु मेरो बाध्यता थियो" उनी भन्छिन् । तर अहिले उनी रक्षा नेपाल नामक

*सुन्धारास्थित एक रेष्टुरेन्टमा कार्यरत तारा सिवाकोटी (नाम परिवर्तन) सात वर्षको अवधिमा एकजना पनि राम्रो सोच भएको पुरुष आफूले नभेटेको बताउँछिन् । उनी भन्छिन्, "यस पेशालाई मर्यादित बनाउनमा पुरुषहरूको ठूलो हात छ, हाम्रो त बाध्यता हो तर ग्राहकहरूले पनि यो सोच्नुभएन कि यहाँ काम गर्नेबित्तिकै सबै खराब हुन्छन् भन्ने ।"*

संस्था सञ्चालन गरेर मसाज सेन्टर र दोहोरी साँझमा काम गर्ने महिलालाई सीपमूलक तालिम दिँदै आएकी छिन् । रेष्टुरेष्टमा काम गर्ने महिलाको सीप विकासका लागि आफू उक्त संस्थामा लागेको उनी बताउँछिन् ।

बढीभन्दा बढी महिलाको मानसिक र शारीरिक शोषण हुने स्थान पनि होटल व्यवसाय हो तर यो पेशालाई व्यवस्थित र मर्यादित बनाउन सके अवसर पनि प्रशस्त भएको उनको धारणा छ ।

हाल संगीत विषय लिएर पद्मकन्या क्याम्पसमा अध्ययनसमेत गर्ने मेनुकाको संस्थामा झण्डै सयजना महिला आबद्ध छन् ।

"मेनुकाजस्तै सिन्धुपाल्चोक चौतारा घर भएकी आशा लामा २ वर्षअघि माओवादी द्वन्द्वका कारण राजधानी छिरेकी थिइन् । घरको आर्थिक अवस्था कमजोर भएको र गाउँमा रोजगारीको अवसर नभएपछि उनी राजधानी पसेकी हुन् । २२ वर्षीया आशालाई काठमाडौं छिर्दा राम्रो, नराम्रो कामभन्दा पनि कसरी टिक्ने भन्ने चिन्ता नै बढी थियो । त्यसैकारण उनले क्याबिन रेष्टुरेण्टमा काम गर्न थालिन् ।"

९ कक्षासम्म अध्ययन गरेकी आशा क्याबिन रेष्टुरेण्टमा काम गर्ने महिलालाई नराम्रो नसोच्न आग्रह गर्छिन् ।

अन्य पेशासरह नेपालमा यस क्षेत्रमा काम गर्ने महिलालाई सम्मान गर्न नसक्नु पुरुषप्रधान समाज नै हो । समान श्रम गरेर जीविकोपार्जन गरिरहेका महिलालाई सम्मानजनक रूपमा नहेरेका कारण उनीहरू यो पेशाप्रति सन्तुष्ट छैनन् ।

व्याप्त बेरोजगारी समस्याका कारण तुरुन्त पाउन सकिने जागिर भनेको होटल वा क्याबिन नै हो । द्वन्द्व चर्किएपछि जिल्ला र गाउँबाट हजारौंको संख्यामा विस्थापित हुनेका लागि कुनै बेला यो भरपर्दो पेशा भएको थियो ।

देशमा खस्कँदो उद्योग र कलकारखानाका कारण चर्को बेरोजगार समस्याबाट गुज्रनु परिरहेको छ । सुनसरी निवासी इन्द्रकला न्यौपाने (नाम परिवर्तन) ले दुई छोरा र आफ्नो घरव्यवहार यही पेशाबाट धान्दै आएकी छिन् ।

हाल काठमाडौं शंखमुलमा अस्थायी बसोबास गर्दै आएकी इन्द्रकला दुवै छोरालाई बोर्डिङ स्कुलमा पढाउँछिन् । ९ कक्षासम्म अध्ययन गरेकी उनी विगत केही महिना अगाडिदेखि मीत नेपाल नामक गैरसरकारी संस्थाबाट दिइने सीप पनि सिक्दै आएकी छिन् । भविष्यमा पेशा परिवर्तन गर्ने सोच राखेकी इन्द्रकला भन्छिन्- "एक त यो पेशालाई राम्रो नजरले हेरिँदैन, अर्कोतर्फ पुरुषको व्यवहार पनि त्यस्तै किसिमको हुन्छ, तर फेरि सबैजनालाई एउटै नजरले पनि त हेर्नुभएन, तर यहाँ त्यस्तो छैन ।"

प्रायजसो होटल वा क्याबिनमा कार्यरत कर्मचारीहरूलाई तोकेभन्दा ज्यादै कम मात्रामा तलब दिइन्छ । त्यो पनि बेलामा दिइँदैन । अर्कोतिर अप्रत्यक्ष रूपमा ग्राहकलाई महिला कामदारमाथि यौनजन्य क्रियाकलापप्रति प्रभावित पार्न होटल व्यवसायीले कोसिस गर्दछन् । एकातिर होटलमालिक, अर्कोतिर ग्राहक । दुवैको प्रत्यक्ष वा अप्रत्यक्ष मारमा पर्छन् उनीहरू । क्याबिन र होटलमा काम गर्ने महिलाको संख्या अन्य पेशामा भन्दा बढी छ । शारीरिक श्रम कम पर्ने र सजिलै काम पाउने हुनाले पनि यो पेशामा महिलाहरू आकर्षित देखिन्छन् ।

हालै मीत नेपालले गरेको एक सर्वेक्षणअनुसार यो व्यवसायमा संलग्नहरूको संख्या काठमाडौं उपत्यकामा मात्रै हजारभन्दा बढी छ । संस्थाले कामदारहरूमध्ये धेरैजसो आर्थिक अभाव, अशिक्षा र द्वन्द्वको कारण यस क्षेत्रमा आउन बाध्य भएको जनाएको छ । अन्य जातिको तुलनामा जनजाति समुदायहरूको संख्या अत्यधिक भएको तथ्यांकले जनाएको छ ।

महिलाको आर्थिक, सामाजिक, शैक्षिकस्तर उकास्न भनेर राज्यले विभिन्न किसिमका कार्यक्रम ल्याए तापनि त्यस्ता कार्यक्रम लक्षित महिलासम्म

पुग्न सकेका छैनन् । अहिलेसम्म होटल तथा क्याबिनमा कार्यरत कामदारहरूको हकहितका लागि बनेका श्रम ऐन लागू नहुँदा मालिकहरूको लापरबाही र मनोबल बढेको पाइन्छ । होटलमालिकको लापरबाही र व्यक्तिगत स्वार्थका कारण पनि महिलाहरू अत्यधिक मात्रामा हिंसाको सिकार हुन बाध्य भएका छन् । यो व्यवसायलाई मर्यादित र हिंसारहित बनाउनका निम्ति सरकारबाट नै नियमकानुन बनाई तत्काल लागू गर्न आवश्यक देखिन्छ ।

सुन्धारास्थित एक रेष्टुरेन्टमा कार्यरत तारा सिवाकोटी (नाम परिवर्तन) सात वर्षको अवधिमा एकजना पनि राम्रो सोच भएको पुरुष आफूले नभेटेको बताउँछिन् ।

उनी भन्छिन्, "यस पेशालाई मर्यादित बनाउनमा पुरुषहरूको ठूलो हात छ, हाम्रो त बाध्यता हो तर ग्राहकहरूले पनि यो सोच्नुभएन कि यहाँ काम गर्नेबितिकै सबै खराब हुन्छन् भन्ने ।"

२०५२ सालदेखि मीत नेपालले यस व्यवसायमा कार्यरत महिलालाई काउन्सिलिङ तथा विभिन्न रोजगारमूलक प्रशिक्षण दिँदै आएको छ । संस्थाकी अध्यक्ष शशि थापा भन्छिन्- तर यो नै समस्याको अन्तिम समाधान भने होइन । होटल र क्याबिनमा कार्यरत महिलाको हकअधिकारको सुरक्षा गर्दै उनीहरूलाई नै यो पेशामा टिकाउनेतर्फ सबैको ध्यान केन्द्रित हुनु आवश्यक छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य रोशन कार्की भन्छिन्, "जिल्ला र सदरमुकाममा राज्यले काउन्सिलिङ कार्यालय स्थापना गर्नुपर्छ । किनकि यस व्यवसायमा बढी अशिक्षित महिला आबद्ध छन् । उनीहरूको स्वास्थ्योपचारको ग्यारेन्टी पनि राज्यले गर्नुपर्छ ।"

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# खोई त वैवाहिक बलात्कारसम्बन्धी कानुन ?

***कानुनले इच्छाविपरीत हुने यौनसम्पर्कलाई बलात्कार हुने किटान गरेको छ । तर वैवाहिक जीवनपछि लोग्ने-स्वास्नीबीच हुने यौनसम्पर्कलाई भने परिभाषित गरेको थिएन । अदालतमा मुद्दा परेपछि मात्रै त्यससम्बन्धी परिभाषा आएको हो । अदालतमा परेको त्यस मुद्दामा तत्कालीन न्यायाधीशहरू लक्ष्मणप्रसाद अर्याल, केदारनाथ उपाध्याय र कृष्णकुमार वर्माको संयुक्त इजलासले ०५९ वैशाख १९ गते त्यस्तो यौनसम्पर्कलाई जबर्जस्ती करणीको अपराध ठहर गर्दै कानुन बनाउन आदेश दिएको थियो । तर, फैसला भएको चार वर्ष बितिसक्दा पनि कानुन नबन्दा बिमलाजस्ता पीडित महिलाले न्याय पाउन सकेका छैनन् ।***

**✍ सुमित्रा 'अञ्जान'**

***सुनसरी ।*** धरान-१७ बस्ने २४ वर्षीया बिमला विश्वकर्मा (नाम परिवर्तन) भन्छिन्, "रक्सी सेवन गरेर लोग्नेले मेरो इच्छाविपरीत सधैं नै यौनसम्पर्क गर्छन् । आफूलाई सधैं यौनसम्पर्क गर्दा आनन्द होइन लोग्नेप्रति नै घृणा जाग्छ ।" दिनभरि कामको बोझ, घरमा छोराछोरीको हेरचाह । राति छिट्टै निद्रा लाग्छ । यौनसम्पर्क गर्ने इच्छै हुँदैन । बिमला भन्छिन्, खुशी र सुखको यौनसम्पर्कको अनुभूति नै फरक हुन्छ । तर मैले अहिलेसम्म त्यस्तो अनुभूति नै गरेकी छैन । उनी बिरामी हुँदासमेत लोग्नेले जबर्जस्ती यौनसम्पर्क गर्ने गरेका छन् । उनी भन्छिन्, "बाँच्दिन होला, अस्ति पनि पाठेघर तल झरेको अनुभूति भयो । उपचार गरेर निको भयो ।" आफ्नो पतिले पत्नीको पीडा, भावना बुझ्न नसकेकोमा उनी आफैं प्रश्न गर्छिन्, "किन मेरो लोग्नेले पीडा नबुझेको होला ?"

उनी बारम्बार यस्तो पीडाका कारण जीवनलाई धिक्कार्ने गर्छिन् । कारण उनी यो समस्या न त परिवारमा कसैलाई भन्न सक्छिन् न त उपचारका लागि जान नै । जतिसुकै पीडा दिए पनि उनका अगाडि सधैं डर र त्रास । मनभरि पीडा र कुण्ठा ।

नौ वर्षअघि विवाह गरेकी ३५ वर्षीया हिमानी राई (नाम परिवर्तन) पनि पतिको यस्तै पीडा सहन बाध्य छिन् । हिमानी भन्छिन्, "जेठी छोरी जन्मिएको तेस्रो दिन थियो । लोग्नेले जबर्जस्ती यौनसम्पर्क गर्न खोजे । आली सुत्केरी, हिँडडुल गर्न पनि गाह्रो भइरहेको थियो । तर लोग्ने जबर्जस्ती यौनसम्पर्क गर्न आए । मेरो केही लागेन । एकदमै अप्ठ्यारो भयो । धेरै पीडा भयो । त्यसपछि त शौचालय जान पनि सकिनँ । पिसाब फेर्न पनि गाह्रो भयो ।"

उनका ४५ वर्षीय पति सर्वराज (नाम परिवर्तन) मजदुरी गर्छन् । राईदम्पती धरान- ११ मकालुबस्तीमा बस्दै आएका छन् । हिमानीका लोग्नेले पनि बिमलाका लोग्नेले जस्तै हरेक दिन रक्सी सेवन गरेर जबर्जस्ती यौनसम्पर्क गर्छन् । घरव्यवहारमा लोग्नेले सघाउनुको सट्टा यौनयातना पाएको उनी सुनाउँछिन् । "दिनभरि घाममा गिट्टी कुटेर चारजना छोराछोरीको पालनपोषण गर्नुपर्छ," उनी भन्छिन्, "रातभर लोग्नेको यौनपीडा खेप्नुपर्छ ।"

तीन वर्षअघि प्रेमविवाह गरेर धनकुटाबाट धरान आएकी २३ वर्षीया गिता लिम्बूको पीडा पनि यो भन्दा फरक छैन । गर्भवती भएको नौ महिना लाग्दा पनि उनका २८ वर्षीय लोग्ने जगतबहादुरले यौनसम्पर्क गर्न छाडेनन् । उनले भनिन्, "ती दिनहरू सम्झँदा अहिले पनि पीडा हुन्छ । कति गाह्रो हुन्थ्यो । धन्न बच्चालाई केही असर परेन ।"

कति रात त उनले लोग्नेलाई लात्तीले हानेर धपाउनुपर्‍यो । उनी भन्छिन्, "मेरो भावनाविपरीत यौनसम्पर्क राख्न खोज्दा दिक्क लाग्छ ।" गितालाई यौनसम्पर्क भनेको बच्चा पाउनु नै जस्तो लाग्छ । उनलाई पनि यस्तो जबर्जस्ती यौनसम्पर्क गर्दा यातना पाएझैं लाग्छ ।

*उनका ४५ वर्षीय पति सर्वराज (नाम परिवर्तन) मजदुरी गर्छन् । राईदम्पती धरान- ११ मकालुबस्तीमा बस्दै आएका छन् । हिमानीका लोग्नेले पनि बिमलाका लोग्नेले जस्तै हरेक दिन रक्सी सेवन गरेर जबर्जस्ती यौनसम्पर्क गर्छन् । घरव्यवहारमा लोग्नेले सघाउनुको सट्टा यौनयातना पाएको उनी सुनाउँछिन् । "दिनभरि घाममा गिट्टी कुटेर चारजना छोराछोरीको पालनपोषण गर्नुपर्छ," उनी भन्छिन्, "रातभर लोग्नेको यौनपीडा खेप्नुपर्छ ।"*

लोग्ने-स्वास्नीबीचको यौनसम्पर्कमा किन तनाव र पीडा हुन्छ महिलालाई ? बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका मनोचिकित्सक डा.प्रमोद स्याङ्वा भन्छन्, "यौनसम्पर्क भनेको बच्चा जन्माउनका लागि मात्र हो । अन्यबेलाको यौनसम्पर्क राम्रो होइन भन्ने धारणा सानैदेखि महिलाको दिमागमा परेको हुन्छ ।"

उनको भनाइमा महिलाको तुलनामा पुरुषको यौन चाहना बढी नै हुन्छ । कतिपय महिलाहरू बच्चा जन्माएपछि नारित्व पूर्ण भयो भन्ने ठान्छन् । त्यसैले पनि यौनसम्पर्कप्रति ध्यान दिँदैनन् । एकातिर कामको बोझ अर्कातिर लोग्नेको मायालु व्यवहार काम सघाउनमा होइन यौनसम्पर्कमा मात्र हुन्छ । त्यसैले महिलालाई यौन इच्छा हुँदैन ।

यौन इच्छा नहुँदा पनि पतिले जबर्जस्ती यौनसम्पर्क गर्दा पत्नीले शारीरिक, मानसिक यातनाहरू भोग्नुपर्दछ । डा. स्याङ्वा भन्छन्, "यस्तो सम्पर्कले उनीहरूमा मानसिक आघात पुग्छ, स्वतन्त्र जीवनमा ठेस पुग्छ । उनीहरू स-साना कुरामा रिसाउने, परिवारका सदस्यसँग घुलमिल नहुने र एकान्तप्रेमी हुन पुग्छन् ।"

*उनको भनाइमा महिलाको तुलनामा पुरुषको यौन चाहना बढी नै हुन्छ । कतिपय महिलाहरू बच्चा जन्माएपछि नारित्व पूर्ण भयो भन्ने ठान्छन् । त्यसैले पनि यौनसम्पर्कप्रति ध्यान दिँदैनन् । एकातिर कामको बोझ अर्कातिर लोग्नेको मायालु व्यवहार काम सघाउनमा होइन यौनसम्पर्कमा मात्र हुन्छ । त्यसैले महिलालाई यौन इच्छा हुँदैन ।*

यस्तै कारणले गर्दा लोग्नेले परस्त्रीसँगको यौन सम्बन्धको इच्छा राख्छन् । जसले गर्दा लोग्ने र स्वास्नीको यौन सम्बन्ध झन् बिग्रिएर जान सक्ने डा. स्याङ्वा बताउँछन् ।

लोग्नेले गर्ने यस्तो वैवाहिक यौन शोषणविरुद्ध खुलेर कुरा गर्ने साहस अझै पनि महिलाहरूमा आइसकेको छैन । अधिवक्ता मिरा ढुंगाना भन्छिन्, "वैवाहिक बलात्कारबाट नेपालमा धेरै महिला पीडित छन् । कति महिलालाई इच्छाविपरीत यौनसम्पर्क गर्दा 'नाइँ' भन्ने अधिकार पनि छ भन्नेसमेत थाहा छैन । कानुन नभएकोले हामीले कानुन बन्नुपर्छ भनेर मुद्दा हालेका हौं तर अहिलेसम्म बन्न सकेको छैन ।" उनको विचारमा यस्तो कानुन बनाउने तहमा महिलाहरूको सहभागिता नहुनु नै मुख्य कारण हो । किन उनी मात्रै । उनीजस्तै हजारौं नेपाली महिलाको नियति अहिले पनि यस्तै छ । पुरुषप्रधान समाजका कारण महिलाहरू आफ्नो पीडा खुलस्त पोख्न सक्दैनन् । कानुन व्यवसायी ढुंगाना र सपना मल्लले ०५५ सालमा लोग्नेले श्रीमतीलाई जबर्जस्ती यौनसम्पर्क गरेमा बलात्कार हुने दाबी गर्दै अदालतमा मुद्दा हाल्दा धेरै महिलाको अनुहारमा खुशी छाएको थियो । यही मुद्दाबाट अदालतले कानुनतः यस्तो अवस्थालाई 'जबर्जस्ती करणी' नै ठहरिने सिद्धान्त परिभाषित गरी कानुन बनाउन निर्देशन त दियो, तर कानुन बनाएर व्यवहारमा कार्यान्वयन गराउने काम भने अहिलेसम्म हुन सकेन ।

कानुनले इच्छाविपरीत हुने यौनसम्पर्कलाई बलात्कार हुने किटान गरेको छ । तर वैवाहिक जीवनपछि लोग्ने-स्वास्नीबीच हुने यौनसम्पर्कलाई भने परिभाषित गरेको थिएन । अदालतमा मुद्दा परेपछि मात्रै त्यससम्बन्धी परिभाषा आएको हो । अदालतमा परेको त्यस मुद्दामा तत्कालीन न्यायाधीशहरू लक्ष्मणप्रसाद अर्याल, केदारनाथ उपाध्याय र कृष्णकुमार बर्माको संयुक्त इजलासले ०५९ वैशाख १९ गते त्यस्तो यौनसम्पर्कलाई जबर्जस्ती करणीको अपराध ठहर गर्दै कानुन बनाउन आदेश दिएको थियो । तर, फैसला भएको चार वर्ष बितिसक्दा पनि कानुन नबन्दा बिमलाजस्ता पीडित महिलाले न्याय पाउन सकेका छैनन् ।

जबर्जस्ती करणी आफैंमा अपराध हो । जबर्जस्ती करणी आफ्नी स्वास्नी र अरूकी स्वास्नीमा फरक हुँदैन । एउटामा गरेको अपराध हुने र अर्कामा त्यही कुरा गर्दा अपराध नहुने हुँदैन । "कानुनले लोग्नेलाई आफ्नै स्वास्नीसँग जबर्जस्ती करणी गर्न छुट दिएको छैन," मिरा ढुंगाना भन्छिन्, "अमेरिका, बेलायतजस्ता देशमा पनि यसै किसिमको कानुनी मान्यता छ ।"

मुलुकी ऐन एघारौं संशोधनले यौनजन्य हिंसा गर्नेमध्ये उमेरअनुसार कैद र सजाय तोकेको छ । तर पछिल्लो समयमा कानुन व्यवसायीले वैवाहिक बलात्कारको मुद्दाका लागि छुट्टै कानुन र अदालतमा छुट्टै इजलासको व्यवस्था हुनुपर्ने धारणा अघि सार्दै आएका छन् ।

अमेरिका, मेक्सिको, बेलायत, नामिबियाजस्ता देशले वैवाहिक बलात्कारलाई कानुनी दायरामा राखेका छन् । राष्ट्रसङ्घीय निकाय युनिसेफका अनुसार अमेरिकामा मात्र प्रतिघन्टा ७० जनाभन्दा बढी महिला बलात्कृत हुन्छन् । त्यसमध्ये १५ प्रतिशतले मात्र कानुनी उपचारको सहयोग लिन्छन् । अमेरिकामा २५, इजिप्टमा ३५, जिम्बाबेमा ३० र दक्षिणकोरियामा ४० प्रतिशत महिलाले लोग्नेबाट शारीरिक हिंसा सहनुपरेको छ । तर नेपालको तथ्यांक भने छैन ।

वैवाहिक बलात्कारलाई कानुनी दायरामा ल्याउन आवाज उठाउनेमध्ये नेपाल पनि एक हो । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि सन् १९७९ मा पारित भए पनि महिलाले यसबाट मुक्ति भने पाउन सकेका छैनन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# मिथिला कलामा महिला

*मिथिला कला भन्नासाथ राम, सीता र कृष्णको आर्ट भनेर चिनिन्छ । धेरैजसो भगवान्को चित्र बनाइन्छ । तर अहिले उनी गाउँ परिवेशअनुसारको चित्र पनि कोर्न थालेकी छिन् । साना-साना ग्रिटिङ कार्डदेखि लगाउने टिसर्ट, तन्ना, टेबुलपोसजस्ता वस्तुमा उनी यस्तै कला भर्छिन् । मिथिला कलामा उनलाई मनपर्ने चित्र माछाको हो । उनका लागि माछा जुनसुकै चित्र कोर्दा पनि राख्नैपर्ने ट्रेडमार्कजस्तो छ । "यो भनेको जनकपुरको परिचय हो," उनी भन्छिन्, "धेरै मानिस कलामा माछा देखेपछि मिथिला आर्ट सम्झन्छन् ।"*

✍ **शारदा सिलवाल**

***पोखरा*** / नौ वर्षअघि जनकपुरबाट पोखरा आउँदा मिना शर्मालाई एउटै प्रश्नले घोचिरहन्थ्यो, "मैथली कला किन जनकपुरमा मात्रै सीमित छ ?" जब उनी पोखरा र काठमाडौंका तारेहोटल र ठूला सभाहलमा पुग्थिन्- त्यतिबेला उनका मनमा यस्ता प्रश्न आउँथे। ठूलठूला होटल र हलमा झुन्ड्याइएका दृश्य कि त ताल र झर्नाका हुन्थे कि त हिमाल र पहाडका। अनि बाहिरी मुलकको रमणीय सहरका। तर कहीँ भेट्टाइनन् उनले मिथिला कला ।

"के मिथिला कला राष्ट्रिय कला होइन ?" उनले भनिन्, "यसलाई त नेपालीले चिन्ने अवसर नै पाएनन् ।" मिना यतिबेला पोखरामा मिथिला कलाको परिचय दिन खोज्दैछिन् ।

लोग्ने अफिस जान्छन् । छोराछोरीलाई कलेज पठाउँछिन् । छिट्टै घरको धन्दा सक्छिन् । त्यसपछि एउटा कोठाको कुनामा व्यस्त हुन्छिन्- मिथिला कला कोर्न उनी । पन्ध्र वर्षको उमेरदेखि मिथिला कला बनाउन थालेकी हुन् उनले । जनकपुर छाडेर पोखरा आउँदा मिनालाई केही अप्ठ्यारो भयो । तर अहिले उनलाई साथ दिने थुप्रै छन् । पर्यटकीय सहर लेकसाइडमा झन् यसले बजार पाउन थालेपछि त उनी फुरुङ्ग भएकी छिन् ।

"बाहिर विदेशमा गइरहेकै छ, तर जनकपुरबाट नेपालकै अन्य भागमा यसलाई लान चाहन्छु ।"

*लोग्ने अफिस जान्छन् । छोराछोरीलाई कलेज पठाउँछिन् । छिट्टै घरको धन्दा सक्छिन् । त्यसपछि एउटा कोठाको कुनामा व्यस्त हुन्छिन्- मिथिला कला कोर्न उनी । पन्ध्र वर्षको उमेरदेखि मिथिला कला बनाउन थालेकी हुन् उनले । जनकपुर छाडेर पोखरा आउँदा मिनालाई केही अप्ठ्यारो भयो । तर अहिले उनलाई साथ दिने थुप्रै छन् । पर्यटकीय सहर लेकसाइडमा झन् यसले बजार पाउन थालेपछि त उनी फुरुङ्ग भएकी छिन् ।*

आफ्नै कलाको प्रचारका लागि उनी पोखरा आएकी भने होइनन् । वन कार्यालयमा रेन्जर रहेका उनका लोग्नेको सरुवासँगै नौ वर्षअघि उनी यहाँ आएकी हुन् । जनकपुरका रैथाने कलाकार अहिले पनि घरबाहिर निस्कन सकिरहेका छैनन् । त्यसैले पोखराबाट यो कलाको उत्थानमा लाग्न पाएकोमा उनी आफूलाई भाग्यमानी ठान्छिन् ।

*मिथिला कलामा ६ वटा रंग प्रयोग हुन्छन् । तिनै रंगलाई मिसाएर अनेकौं रंगमा चित्र बनाइन्छ । यही मिथिला कला बनाउने काममा पोखराका महिला घरमै बसेर रंग भरिरहेका छन् । चित्रकला मात्रै नभएर वास्तुकलाका आकर्षक सामग्रीमा रङ्गीन आकृति दिनु उनको विशेषता हो । केटाकेटीमा सिकेको रैथाने सीपलाई भिन्न साँस्कृतिक पक्षसँग मिसाएर स्थान सुहाउँदो सामग्री दिने कोसिसमा छन् उनी । भित्तोलाई सजाउने पेन्टिङ्ग पनि कोर्छिन् ।*

उनी भन्छिन्, "जनकपुरमा मिथिला कला र हाते सामग्री बनाउने धेरै महिला नै छन्। तर घरबाहिर जाने महिलालाई अहिले पनि नराम्रो दृष्टिले हेरिन्छ ।"

अहिले उनको काम मिथिला कला कोर्नमा मात्र सीमित छैन । स्थानीय अन्य महिलालाई पनि यो कला सिकाइरहेकी छिन् । केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले उनको सीपलाई गाउँगाउँसम्म पुऱ्याएर सहयोग पनि गरेका छन् ।

"केही समयअघिको कुरा हो, म घरमा यस्तै कला बनाएर बसिरहेकी थिएँ, वनको काममा आएका मेखेल नामका एक डेनिसले मेरो कलाबारे थाहा पाएर हेर्न आए, मैले बनाएको 'म्यागेजिन फायल' उनले मन पराए । र, २ सय पिस लिए पनि" मिना भन्छिन्, "त्यसपछि त मेरो कलालाई गैरसरकारी संघसंस्थाले पनि किन्न थाले ।"

अहिले पोखरा र आसपासका गाउँका ९० भन्दा बढी महिलाले मिथिला आर्ट सिक्ने अवसर पाएका छन् । तीमध्ये केहीले यसलाई आम्दानीको स्रोतसमेत बनाउन सुरु गरेका छन् । "पोखराजस्तो संस्कृति र कलाको धनी ठाउँमा मिथिला कला लोकप्रिय हुनसक्छ भनेर मैले महिलालाई अग्रसर गराएकी हुँ" मिनाले भनिन्, "यसलाई अझै व्यापक बनाउने मेरो योजना छ ।"

अहिलेसम्मको प्रचलनमा नेपाली कागजमा यो कला बनाउने गरिन्छ । मिथिला कला भन्नासाथ राम, सीता र कृष्णको आर्ट भनेर चिनिन्छ । धेरैजसो भगवान्को चित्र बनाइन्छ । तर अहिले उनले गाउँ, परिवेशअनुसारको चित्र पनि कोर्न थालेकी छिन् । साना-साना ग्रिटिङ कार्डदेखि लगाउने टिसर्ट, तन्ना, टेबुलपोसजस्ता वस्तुमा उनी यस्तै कला भर्छिन् । मिथिला कलामा उनलाई मनपर्ने चित्र माछाको हो । उनका लागि माछा जुनसुकै चित्र कोर्दा पनि राख्नैपर्ने ट्रेडमार्कजस्तो छ । "यो भनेको जनकपुरको परिचय हो," उनी भन्छिन्, "धेरै मानिस कलामा माछा देखेपछि मिथिला आर्ट सम्झन्छन् ।"

उनको यो लगाव धेरै पोखरेलीका लागि नयाँ अनुभव बनेको छ । उनले गरिरहेको कामको भने धेरैलाई जानकारी छैन । तर, उनैले सिकाएको सीपबाट धेरै महिलाले उत्पादन गरेका मिथिला कला भने अहिले लेकसाइडमा बिक्रीमा भेटिन्छन् । उनीहरूको उत्पादन पनि उनी आफैंले लिइदिन्छिन् र लेकसाइडमा बिक्री गर्छिन् । लेकसाइडको हिमालय आर्ट एण्ड क्राफ्टले यी महिलाले उत्पादन गरेका कलालाई बिक्री गर्ने जिम्मा लिएको छ । "बजारको समस्या छैन, अधिकांश उत्पादन तेस्रो मुलकमा जान्छन्," मिना भन्छिन्, "घरेलु कामकाजी महिलाका लागि यो राम्रो आम्दानीको स्रोतसमेत बन्न सक्छ ।" उनले पोखरा, कास्कीकै हेम्जा, कोटबारी, लुम्ले, तनहुँको दुलेगौंडाका महिलालाई त्यहीं गएर तालिम दिने गरेकी छन् ।

मिथिला कलामा ६ वटा रंग प्रयोग हुन्छन् । तिनै रंगलाई मिसाएर अनेकौं रंगमा चित्र बनाइन्छ । यही मिथिला कला बनाउने काममा पोखराका महिला घरमै बसेर रंग भरिरहेका छन् ।

चित्रकला मात्रै नभएर वास्तुकलाका आकर्षक सामग्रीमा रङ्गीन आकृति दिनु उनको विशेषता हो । केटाकेटीमा सिकेको रैथाने सीपलाई भिन्न साँस्कृतिक पक्षसँग मिसाएर स्थान सुहाउँदो सामग्री दिने कोसिसमा छन् उनी । भित्तोलाई सजाउने पेन्टिङ्ग पनि कोर्छिन् । "यहाँका पेन्टिङ्गका विशेषता भन्नु नै ५० प्रतिशत मिथिला कला र ५० प्रतिशत स्थानीय साँस्कृतिक पक्ष झल्कनु हो," मिना भन्छिन् ।

ठूला-ठूला आँखा, चुच्चो नाक भएका तराईका जस्ता देखिने मानिसले पहाडी कच्छड लगाएर हिमालका गाउँमा काम गर्दै गरेका पेन्टिङ्ग बनाउने काम मिनाकै जीवनमा नयाँ अनुभव बनेको छ । अब पुराना शैलीका विवाह, राम, सीता,

कृष्णलगायत भगवान्‌का लीला भएका मात्रै होइन, शान्तिका प्रतीक बुद्ध र विभिन्न ग्रामीण जनजीवनको मर्मलाई उतार्न त्यत्तिकै लागिपरेकी छिन् उनी ।

मिनाको अनुभवमा पोखराका क्युरियो पसलमा संस्कृतिमिश्रित पेन्टिङ्ग धेरै बिक्छन् । विशेष गरेर कृष्ण भगवान् र मिश्रित संस्कृति झल्केका पेन्टिङ्ग विदेशी बजार तथा पर्यटकीय क्षेत्रमा बढी माग हुने गरेको छ । "तराईको साँस्कृतिक कला पहाडी संस्कृतिसँग मिलाउँदा यति धेरै आकर्षक बन्छ भन्ने मैले सोचेकी पनि थिइनँ" मिना खुशी हुँदै भन्छिन्, "मेरो मातृ कलाले आफ्नो मात्रै होइन, अरू दिदीबहिनी पनि लोभिएका छन् ।"

मौका पाउनासाथ उनी पहाडका गाउँगाउँ डुल्छिन् । तराईको संकुचित घेरामा बाधिन बाध्य महिला समाजले लगाइदिएको घुम्टोलाई उघार्न चाहन्छिन् । "म पोखरा नआएको भए पहाड कस्तो छ भन्ने अनुभव लिन पनि पाउँदिनथेँ," उनी भन्छिन्, "अब त म तराईमा बसेर पनि पहाडी जनजीवनको चित्र कोर्न सक्छु ।"

आफूले तालिम दिएका महिलाहरू यस्तो काममा खटेको देख्दा उनी दंग छिन् । खेतबारीको काम सकेर फुर्सदको समयमा कागज र ब्रश बोकेर चित्र बनाउँछन् उनीहरू । उनी भन्छिन्, "कतिपय त अब यसैलाई नै मुख्य पेशा बनाउने सुरमा लागिरहेका छन् ।"

एउटी महिलाले तीन-चार दिनमा लम्बाइ ३०'-३५' चौडाइ १२' साइजको आर्ट तयार पार्न सक्छिन् जसको बजारमूल्य पाँचदेखि आठ सय रुपैयाँसम्म पर्छ । यसरी तयार पारेको कला सजिलै बिक्री हुने गरेको छ । कतिले त आफूखुशी पनि बेच्छन् । धेरै उत्पादन भएका बेला समाज सेवा केन्द्र नामक संस्थाले समेत स्वदेशी तथा विदेशी बजारमा बिक्री गरिदिने व्यवस्था गरेको छ । "बजारको कुनै समस्या छैन," उनी भन्छिन्, "तर ग्रामीण महिलालाई यस किसिमका सीप दिन सक्नुपर्छ ।"

मिनाले आफ्नो कला विस्तारको पहिलो खुड्किलो बेगनासको कोडवारीबाट सुरु गरेकी थिइन् । ३० महिलाको समूहबाट पेन्टिङ्ग सिकाउन सुरु गरिन् । कहिल्यै कूची र रंग नचलाएका महिलालाई सिकाउने कार्य उनका लागि निक्कै चुनौतीपूर्ण थियो नै । तैपनि कामप्रतिको लगावले पहिलो लटबाटै १० जना पेन्टर निस्किए । जसका उत्पादन बिस्तारै पोखराको बजारमा पर्यटकका आकर्षण बने ।

सुरुमा विभिन्न ठाउँमा गएर मिनाले घरमा दिनभरि त्यसै बस्ने महिलालाई पेन्टिङ्ग र कार्ड, गिफ्ट बक्स बनाउने कला सिकाउँदै गइन् । कलम र पेन्टिङ्ग कहिल्यै नछोएका महिला यो रूपमा अगाडि आउनु गर्वको कुरा हो ।

पोखराको बेगनास गाउँबाट सुरु भएको मिथिला र पहाडीमिश्रित पेन्टिङ्गले अहिले तनहुँका महिलालाई पनि आकर्षित गरेको छ । त्यहाँका स्थानीय महिलाको मागबमोजिम हालै मात्र विभिन्न ठाउँमा पेन्टिङ्ग तालिम उनले सम्पन्न गरेकी छिन् । "मेहनत धेरै गर्नुपर्छ जब आफूले बनाएको पेन्टिङ्ग बजारमा जाने अवस्थामा पाउँछु तब एक प्रकारको आनन्द आउँछ," स्थानीय कलाकार शान्ता घिमिरे बताउँछिन्, "अहिले त यसबाट केही न केही आम्दानी पनि भएको छ ।"

यो मिश्रित मिथिला कलाले घरमा बस्ने महिलाको आर्थिक स्तर सुध्रेको छ । हेम्जामा कार्यरत संस्था सिस्टर भिलेजको संयोजकत्वमा उनीहरूलाई कलात्मक ग्रिटिङ्गस, खाम, टिप्याड, फाइल, गिफ्ट बक्सलगायतका सामग्री बनाउने तालिम दिइएको थियो । सुरुमा २० महिलालाई दिइएको तालिमले उनीहरूलाई आर्टबाटै जीवन धान्ने सजिलो उपाय सिकायो ।

होम नेट नेपालकी पश्चिमाञ्चल क्षेत्रीय संयोजक फूलकुमारी गुरुङको अनुभवमा मिथिला कलाले बजारमा राम्रो व्यापार पाएको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# लुकाउँदा झनै पीडा

*तिम्रो तल्लो पेटमा के भयो भनेर लोग्नेले सोध्दा लजाएर केही भा'छैन भन्ने भोजकुमारी अहिले अरूलाई रोग लुकाउन नहुने सल्लाह दिन्छिन् । "मेरो जिउ त बिग्रिहाल्यो नानी, अरूले यस्तो गल्ती नगरून्" उनको सल्लाह छ । दुई दिनसम्म बेथाले च्याप्यो । गाउँलेले अस्पताल लान भनेका थिए, तर घरकाले मानेनन् । पछि गाउँकै केटीहरूले हात राखेर बच्चा निकाले । त्यसै कारण पछि आङ खसेको उनले बिर्सेकी छैनन् ।*

✍ इन्दिरा अर्याल

*बुटवल /* "काम रै'छ नानी प्यारो त, काम गर्दासम्म सबैले सोधखोज गर्थे । अहिले बलको काम गर्न सक्तिनँ, सासू त के लोग्नेले पनि वास्ता गर्न छाडे ।" भोजकुमारीले मुख अँध्यारो पार्दै, आँसु झार्दै भनिन् ।

उनलाई आजभोलि पिसाब रोक्न मुस्किल पर्छ । उठबस र हिँडडुल गर्न पनि समस्या छ । शारीरिक सम्पर्क गर्न इच्छा लाग्दैन ।

नवलपरासी बर्दघाटकी भोजकुमारी श्रेष्ठको दश वर्षअघि सुत्केरी अवस्थामा आङ खसेको थियो । दश वर्षदेखि यस्तो रोग पाल्दै आएकी भोजकुमारीको अहिले मात्र लुम्बिनी अञ्चल अस्पतालमा अप्रेसन भएको छ ।

त्यतिबेला तिम्रो तल्लो पेटमा के भयो भनेर लोग्नेले सोध्दा लजाएर केही भा'छैन भनेर टारेकी भोजकुमारी भन्छिन्, "रोग लुकाएर कोही नबसुन् । मेरो जिउ त बिग्रिहाल्यो नानी, अरूले यस्तो गल्ती नगरून् ।"

अहिले अप्रेसनपछि उनको पाठेघरको मासु जचाउन लगिएको छ, अल्सरको शंका छ । उनको अप्रेसन गरेका डाक्टर श्रीधर आचार्यले सुनाए, "दुई-चार दिन पनि लुकाउन नहुने रोग, उहाँले त दश वर्ष लुकाउनुभएछ, त्यसैले समस्या जटिल बन्यो ।"

"पहिलो बच्चा छोरी भई, त्यही पनि चार दिनमा खेर गई । त्यसपछि भातको सितो देख्न परेन, खोले देख्यो कि मुटु भक्कानिएर आउँथ्यो ।" उनले दुःखका दिन सम्झँदै भनिन्, "कुनामा (सुत्केरीमा) काम गर्न हुन्न भनेको त सुनेकी थिएँ तर बूढा (श्रीमान्) घरमा नाइँ, लाहुर गएका थिए, सासूको

> *"पहिलो बच्चा छोरी भई, त्यही पनि चार दिनमा खेर गई । त्यसपछि भातको सितो देख्न परेन, खोले देख्यो कि मुटु भक्कानिएर आउँथ्यो ।" उनले दुःखका दिन सम्झँदै भनिन्, "कुनामा (सुत्केरीमा) काम गर्न हुन्न भनेको त सुनेकी थिएँ तर बूढा (श्रीमान्) घरमा नाइँ, लाहुर गएका थिए, सासूको खटन नमानेर भएन, खुन नबस्दै काममा लाइयो, यस्तो हुँदो रै'छ ।"*

खटन नमानेर भएन, खुन नबस्दै काममा लाइयो, यस्तो हुँदो रै'छ ।"

दुई दिनसम्म बेथाले च्यापेको उनले बिर्सेकी छैनन् । गाउँलेले अस्पताल लैजान भनेका थिए तर घरपरिवारले नमानेपछि उनले घरमै बच्चा जन्माइन् । विगतको त्यो दुःख सम्झँदै उनी भन्छिन्, "जेठो ससुराकी छोरीलाई बोलाएर जबर्जस्ती बच्चा निकालियो, सम्झँदै आङ्ग जिरिङ्ग हुन्छ । सुत्केरीको १२ दिनपछि खर्रयान (खरबारी) मा बसीबसी घाँस काटें, भारी बोकेर कान्लो निस्कँदा भ्वाट्ट गरेथ्यो । यस्तो कुरा कसलाई भन्नु लाजले कसैलाई भनिनँ, अहिले यस्तो हुने रै'छ ।"

भोजकुमारी कमजोर बनेपछि उनका श्रीमान् दलबहादुरले अहिले दोस्रो बिहे गरेका छन् ।

त्यस्तै पीडा झेलेकी बुटवल, सुख्खानगरकी सरस्वती पन्थीले अहिले जिउ साँचेर काम गर्न

*"पछि आङ खसेको थाहा त पाइयो नानी, सबैलाई यस्तै हुन्छ होला भनियो । लगालग छोराछोरी जन्मे, कान्छो छोरो गर्भमा हुँदा श्रीमान् पनि आफ्नो बाटो लागे (मृत्यु भयो) । कहाँ आफ्नो ध्यान दिन पाएँ र ?," उनले भनिन् । "अहिले पो लाउरे छोरो आयो, बुहारीले भनिछन् क्यारे । आमा यसरी बस्न हुन्न, जचाउनुपऱ्यो भनेर अस्पताल आइयो । उमेर पनि चार बीस पुग्न लाग्यो, अप्रेसन गर्न पनि मिल्दैन रे । अब यस्तै दुःख पाउने त होला नि ।"*

लागेकी छन् । "पहिला कहाँ होस् आयो र ? पछि मात्र थाहा भयो । जसले जे भनोस् अहिले त म ठूलो भारी बोक्दिनँ, बन्चरोले दाउरा काट्दिनँ, थचक्क बसेर गर्ने काम गर्छु, अरूमा अघि सर्न छाडें ।" उनले भनिन्, "त्यस्तो काम गरेपछि फेरि उस्तै हुन्छ (आङ खस्छ), त्यसैले तर्किन्छु ।"

सुत्केरी भएको १५ दिनमा फुकेर भागेको भैंसी तान्दा उनको आङ खसेको थियो । "अप्रेसन गरेर फाले हुन्छ भन्छन् तर पैसा पनि छैन, जिउ झन् कमजोर होला भन्ने डर लाग्छ," सरस्वतीले भनिन् ।

गुल्मी लडसरामकी रनकुमारी थापा पनि १५ वर्षदेखि यस्तै समस्या लिएर हिँडेकी छिन् । आठ सन्तान जम्माएकी रनकुमारीको खेतमा गहुँ काट्दै गर्दा आङ खसेको थियो ।

"पछि आङ खसेको थाहा त पाइयो नानी, सबैलाई यस्तै हुन्छ होला भनियो । लगालग छोराछोरी जन्मे, कान्छो छोरो गर्भमा हुँदा श्रीमान् पनि आफ्नो बाटो लागे (मृत्यु भयो) । कहाँ आफ्नो ध्यान दिन पाएँ र ?," उनले भनिन् ।

"अहिले पो लाउरे छोरो आयो, बुहारीले भनिछन् क्यारे । आमा यसरी बस्न हुन्न, जचाउनुपऱ्यो भनेर अस्पताल आइयो । उमेर पनि चार बीस पुग्न लाग्यो, अप्रेसन गर्न पनि मिल्दैन रे । अब यस्तै दुःख पाउने त होला नि ।" खुम्चिपरेको अनुहार मनिलो गराउँदै उनले भनिन्, "यस्तो दुःख पाम्ला भन्ने थाहा भएको भए पहिलै नै होस् गरिन्थ्यो ।"

लुम्बिनी अञ्चल अस्पतालका महिला रोग विशेषज्ञ डा. श्रीधर आचार्य गाउँका धेरै महिला अहिले यस्तो समस्याबाट पीडित भएको बताउँछन् । डा. आचार्यका अनुसार घरमै बच्चा जन्माउँदा लामो बेथा लाग्ने, धेरै बच्चा जन्माउने धेरैजसो महिलामा यस्तो समस्या देखिएको छ । छिटो-छिटो बच्चा जन्माउने र सुत्केरी अवस्थामा गह्रुँगो भारी बोक्नेहरूसमेत यसबाट पीडित बन्ने गरेका छन् । यसैगरी असुरक्षित गर्भपतनका कारण र तालिमप्राप्त सुँडेनीबाट सुत्केरी सेवा नपाउँदा पनि धेरै महिलामा पाठेघर खस्ने रोग देखिएको डा. आचार्य बताउँछन् ।

आङ खस्ने समस्याबाट मान्छेको तत्कालै मृत्यु त हुँदैन तर समयमै उपचार नभए पाठेघरको संक्रमण बढ्दै जान्छ । त्यसको प्रभाव मृगौलामा पनि पर्छ । त्यो झन् जटिल हुन्छ ।

"आङ खसेपछि सुरुमा त तल्लो पेट र पिसाब फेर्ने ठाउँमा असजिलो हुन्छ । पिसाब फेर्न गाह्रो पर्छ, हिँडडुल गर्न अप्ठेरो हुन्छ । कसैलाई दिसा गर्न पनि गाह्रो हुन्छ," डा. आचार्यको भनाइ छ, "समस्या बढ्दै गएपछि शारीरिक सम्पर्क गर्दा पनि अप्ठेरो हुन्छ ।" कतिपय अवस्थामा लोग्नेमान्छेले शारीरिक सम्पर्कमा सन्तुष्टि भएपछि दोस्रो विवाह गरेका घटना पनि धेरै भएको उनले बताए ।

आङ खस्ने समस्या तीन चरणका हुन्छन् । पहिलो चरणमा आङ खसे पनि त्यो माथिल्लो भागमा नै हुन्छ, दोस्रोमा केही तल खस्छ र तेस्रो चरणमा पाठेघर एकदमै बाहिर निस्कन्छ । तेस्रो चरणको जटिल अवस्था उत्पन्न भएपछि चिसोपन र दुर्गन्धले समाजमा घुलमिल हुनसमेत अप्ठेरो पर्छ । पहिलो चरणमै जचाउने हो भने अन्य खतराबाट बच्न सकिने चिकित्सकहरू बताउँछन्

रूपन्देहीमा कति प्रतिशत महिलाहरू आङ खस्ने समस्याबाट पीडित छन् भन्ने कुराको स्पष्ट तथ्यांक यहाँका स्वास्थ्य निकायसँग छैन ।

बुटवलका ठूला स्वास्थ्य केन्द्रहरूमध्ये आम्दा बाल तथा महिला अस्पतालमा महिनामा सरदर ६५ देखि ९० जनासम्म आङ खस्ने समस्याका बिरामी आउने गरेका छन् । त्यस्तैगरी लुम्बिनी अञ्चल अस्पताल बुटवलमा पनि महिनाको ४० देखि ७०

जना महिला यस्तो समस्या लिएर आउने गरेको अस्पतालले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय रूपन्देहीका प्रमुख रामचन्द्र खनालका अनुसार रूपन्देहीमा जनस्वास्थ्य कार्यालय, नमुना एकीकृत परिवार नियोजन संघ, वर्ल्ड भिजन तथा महिला विकासजस्ता संस्थाले वर्षमा ५-६ पटक महिला स्वास्थ्य शिविर सञ्चालन गर्छन् । यस्ता शिविरमा मात्र धेरै त्यस्ता पीडित महिला खुलेर आउने गरेका छन् ।

परिवार नियोजन संघ बुटवलकी फिल्ड सुपरभाइजर निरु श्रेष्ठको भनाइमा संघले मैनहिया, मानमटेरिया, मक्रहर, अमुवा र बनगाईमा सञ्चालन गर्ने स्वास्थ्य शिविरमा आउनेमध्ये १० प्रतिशत महिलामा यो समस्या देखिएको छ ।

परिवार नियोजन शाखाको घरेलु हिंसा नियन्त्रण क्षेत्रमा कार्यरत शान्ता आले भन्छिन्, “गर्भ अवस्था र सुत्केरीमा हुने हिंसाबाट धेरैले यो समस्या भोगेका छन् ।”

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# ओझेलमा परेका आप्रवासी महिला

***महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) हो । यस महासन्धिले आप्रवासी महिलाको हकमा धारा ११ मा उल्लेख गरेको छ । यस धाराले महिलालाई रोजगारीमा समान अवसर दिइनुपर्छ भन्ने आसयको व्याख्या गरेको छ । सन् १९७९ को डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा यसलाई पारित गरिएको हो । यसलाई करिब दुई सय राष्ट्रले सहमति जनाइसकेका छन् । नेपालले सन् १९९१ मा यसलाई अनुमोदन गरेको हो । यसको अर्थ नेपालले पनि महिला महासन्धिलाई लागू गर्नुपर्छ ।***

**✍ यशोदा तिम्सिना**

*काठमाडौं/* तेह्रथुम खाम्लालुङ्की मनमाया विश्वकर्मा, २३ साउदी अरब गएको यसपालिको दशैंमा दुई वर्ष पुग्दै थियो । तर उनी एक महिनाअघि नेपाल आएकी छन् । मुलुक द्वन्द्वको चपेटामा थियो । गाउँमा बस्न सक्ने अवस्था भएन । विद्रोहीले आफूसँग नगएको झोंक देखाउँथे भने राज्य माओवादीको खैखबर गर्ने निहुँमा बेला न कुबेला सताउँथ्यो । त्यसपछि मनमायाले सोचिन्, बरु विदेश जानु नै बेस । आनासुको कमाउन सके घरव्यवहार पनि सजिलै चल्थ्यो । रातोदिनको डर धम्की पनि सहनु नपर्ने □

आफ्नै मामाका छोराको सहयोगमा उनी राजधानी आइन् । तीनटक्के व्याजमा खोजेको पैसा र आमा र आफ्नो नाक, कान गरेर जोरजाम गर्दा ८० हजार रुपैयाँ जम्मा भो । दलालमार्फत तिनै मामाका छोराले दिल्ली हुँदै साउदीअरबको यात्रा तय गरिदिए । सात कक्षा पढेकी अविवाहित मनमायालाई ‘पसलमा सामान बेच्ने काम’ भनिएको थियो । उता पुगेपछि थाहा भो, घरेलु कामदारका रूपमा पो लगिएको रहेछ ।

मनमायाले त्यो बेला झल्झली माओवादीको धम्की र राज्यको हप्काइदप्काइ सम्झिन् । ऋण गरेर ल्याएको पैसा सम्झिन् । र, निर्णय गरिन्- जति दुःख सहेर भए पनि काम गर्छु । एक छोरा र दम्पती मात्रै भएको घरमा काम गर्न गाह्रो थिएन । अत्याधुनिक सामग्री चलाउन पनि छिट्टै सिकिन् । अलिअलि भाषा पनि सिकिन् । तर समस्या अर्कै पर्‍यो । गएको केही दिनमा घरमालिक्नीले साहुले ‘जे भन्छन् त्यही गर्नू’ भन्ने आसयको सुझाव दिइन् । यसपछि मनमाया छाँगाबाट खसेझैं भइन् । मुस्लिम परम्पराअनुसार

*तर, विश्वमा आर्थिक कूटनीतिको कुरो चलिरहँदा राज्य भने श्रम सहचारीको व्यवस्था गर्न नसकेर अल्मलिरहेको छ । दर्जन देशमा राजदूत नहुँदा कूटनीतिक क्षेत्रमा पूरै असर परेको छ । कतिसम्म भने श्रम सहचारीको व्यवस्था श्रम मन्त्रालयले गर्ने तर तिनको काम सबै परराष्ट्रमार्फत हुने । मन्त्रालय-मन्त्रालयबीच मेल नहुँदा विदेशमा बस्ने नागरिकका समस्याबारे राज्य बेखबर छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता यादव खनाल भन्छन्, "कामदारको रेखदेख गर्ने जिम्मा सबै श्रमको नै हो । तर श्रम मन्त्रालय भने परराष्ट्रको हस्तक्षेप भयो भन्ने गर्छ ।"*

सौता हाल्न समस्या नहुने । लोग्नेले सौता नल्याउन् भनेर पहिल्यै 'रखैल' को व्यवस्था गर्न खोजेकी रहिछन् उनले ।

मनमायाले यो कुरो स्वीकार्ने कुरै थिएन । बरु आत्महत्या गर्छु भनेर धम्क्याइन् । उनी भन्छिन्, "कहिलेकाहीं भान्सामा काम गरिरहँदा साहुले चिमोट्थ्यो । उसलाई देख्नासाथ म कोठाभित्र पसेर चुकुल लाउँथें ।"

मनमायाले दुई वर्षमा दुई लाख कमाइन् । साहुको ऋण तिर्ने पैसा कमाएपछि उनी घर फर्किन् । त्यसो त पहिले पनि घर आउन खोजेकी थिइन् तर दुईवर्षे सम्झौताको कागज देखाएर साहुले निस्कनै दिएनन् । मनमाया भन्छिन्, "म जस्ता त कति छन् कति त्यहाँ । तर कसैसँग भेटघाट गर्न पाइन्नथ्यो ।"

अन्यत्र जस्तै वैदेशिक रोजगारीमा जाने महिलाको संख्या पनि बढेको छ । देशको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेको 'रेमिट्यान्स' भित्र्याउन महिलाको उल्लेख्य भूमिका रहेको छ ।

केही समय मात्रै भयो, नेपालले महिलालाई खाडी राष्ट्रमा समेत जानसक्ने मान्यता प्रदान गरेको । यसअघि निश्चित देशबाहेक महिलालाई कामका लागि विदेश जान रोक थियो । औपचारिक या अनौपचारिक जुन रूपमा बाहिरिए पनि तिनको देखभाल गर्नु राज्यको दायित्व हो । आफैंले अनुमोदन गरेको महिला महासन्धि (सिड) को मर्मलाई पनि लागू गरेको छैन विशेषतः विदेश जाने महिला कामदारको हकमा ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) हो । यस महासन्धिले आप्रवासी महिलाको हकमा धारा ११ मा उल्लेख गरेको छ । यस धाराले महिलालाई रोजगारीमा समान अवसर दिइनुपर्छ भन्ने आसयको व्याख्या गरेको छ । अन्तर्राष्ट्रिय मान्यता पाएको यो महासन्धि महिलाका हितमा कोसेढुङ्गा मानिन्छ । सन् १९७९ को डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा यसलाई पारित गरिएको हो । यसलाई करिब दुई सय राष्ट्रले सहमति जनाइसकेका छन् । नेपालले सन् १९९१ मा यसलाई अनुमोदन गरेको हो । यसको अर्थ नेपालले पनि महिला महासन्धिलाई लागू गर्नुपर्छ ।

सबै आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलगायत नियमकानुनको पालना गर्नु कामदार पठाउने र माग गर्ने दुवै राष्ट्रको दायित्व हो । प्रश्न स्वाभाविक रूपमा उठ्छ, के त्यो पालना हामीले गरेका छौं त ? र, अरूले गरे-नगरेको अनुगमन गरेका छौं त ? छैन भन्ने जवाफले सबैलाई दुःखी बनाउनु स्वाभाविक हो ।

महासन्धि अनुमोदन भएपछि विभेदपूर्ण सबै राष्ट्रिय कानुन स्वतः बदर हुन्छन् । र, अन्तर्राष्ट्रिय कानुनअनुसार ती विषयलाई सम्बोधन गरिन्छ । यस मानेमा महिला हिंसाविरुद्धका सबै मुद्दामा राज्यको दायित्व छ । यो महासन्धिलाई महिलाको मानवअधिकार संरक्षण र सम्बर्द्धन गर्ने दस्तावेजका रूपमा समेत लिइन्छ । यसर्थ, राज्यले आप्रवासी महिलाको सवालमा पनि चुप लाग्न मिल्दैन ।

युनिफेमका कार्यक्रम संयोजक सरु जोशी भन्छिन्, "आप्रवासले महिलालाई समानता र सशक्त बनाउँछ । तर हाम्रा धेरै दिदीबहिनी सामाजिक सुरक्षाको पहुँचबाट टाढा र न्यून ज्यालादारीमा काम गर्न विवश छन्, अदक्ष कामदारका रूपमा विदेश गएका छन् । देशमा उच्चस्तरीय संयन्त्र निर्माण गरी कामदार जाने सम्बन्धित देशसँग दौत्य सम्बन्ध

स्थापना गर्नुपर्छ । आफ्ना नागरिकको स्थिति के छ भनेर अनुगमन गर्ने दायित्व राज्यको हो ।”

तर, विश्वमा आर्थिक कूटनीतिको कुरो चलिरहँदा राज्य भने श्रम सहचरीको व्यवस्था गर्न नसकेर अल्मलिरहेको छ। दर्जन देशमा राजदूत नहुँदा कूटनीतिक क्षेत्रमा पूरै असर परेको छ। कतिसम्म भने श्रम सहचरीको व्यवस्था श्रम मन्त्रालयले गर्ने तर तिनको काम सबै परराष्ट्रमार्फत हुने। मन्त्रालय-मन्त्रालयबीच मेल नहुँदा विदेशमा बस्ने नागरिकका समस्याबारे राज्य बेखबर छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता यादव खनाल भन्छन्, “कामदारको रेखदेख गर्ने जिम्मा सबै श्रमको नै हो। तर श्रम मन्त्रालय भने परराष्ट्रको हस्तक्षेप भयो भन्ने गर्छ।”

अधिवक्ता सपना मल्ल प्रधानका अनुसार अनौपचारिक रूपमा केही वर्षयता महासन्धिले आप्रवासी महिलाका मुद्दा हेरिरहेको छ। महासन्धि पारित गर्दा आप्रवासको खासै समस्या नभएकोले त्यता ध्यान दिइएको थिएन। उनी भन्छिन्, “विश्वमा नै महिला कामदार बढेपछि यौनजन्य दुर्व्यवहार, घरेलु हिंसा, बेचबिखनमा पारिनेजस्ता समस्या बढेका छन्।” ती मुद्दालाई पनि सिडले समेट्नुपर्ने तर्क सपनाको छ।

त्यसो त नेपालले पनि महासन्धिलाई ध्यानमा राखेर केही कार्यक्रम बनाएको छ। जस्तै सर्वोच्चले महासन्धिलाई व्याख्या गरेर २० वटा मुद्दाको फैसला सुनाएको छ। तर ती पर्याप्त भने छैनन्। यौनजन्य शोषण अन्त्य हुनुपर्ने, निश्चित घन्टासम्म काममा लगाउनुपर्ने, महिला सेवा शुल्क कम लिनुपर्ने, महिलालाई निश्चित कोटाको व्यवस्था गर्नुपर्ने, काम गर्न नचाहँदा सम्बन्धित देश फर्कन पाउनुपर्नेजस्ता कुरा सिडका विषयमा गैरसरकारी संस्थाले बनाएको छाया प्रतिवेदनमा पनि आएको छ। आप्रवासी महिलाको अधिकार सुनिश्चित गर्ने

*आप्रवासी महिलाको अधिकार सुनिश्चित गर्ने जिम्मा राज्यको हो । सरकार यतिबेला युएनको महासभामा भाग लिइरहेको छ । बल राज्यकै कोर्टमा छ, गोल पनि राज्यले नै गर्नुपर्छ । अहिले चलिरहेको संयुक्त राष्ट्र संघको ६१ औं महासभामा महासचिव कोफी अन्नानले आप्रवासी महिलाका विषयमा पनि बोल्नेछन् । उपप्रधान तथा परराष्ट्रमन्त्री केपी शर्मा ओली नेपालको तर्फबाट महासभामा भाग लिने क्रममा न्युयोर्कमा छन् । अवश्य पनि आप्रवासी महिलाका विषयमा उनले पनि केही बोल्नेछन् ।*

जिम्मा राज्यको हो । सरकार यतिबेला युएनको महासभामा भाग लिइरहेको छ। बल राज्यकै कोर्टमा छ, गोल पनि राज्यले नै गर्नुपर्छ। अहिले चलिरहेको संयुक्त राष्ट्र संघको ६१ औं महासभामा महासचिव कोफी अन्नानले आप्रवासी महिलाका विषयमा पनि बोल्नेछन्। उपप्रधान तथा परराष्ट्रमन्त्री केपी शर्मा ओली नेपालको तर्फबाट महासभामा भाग लिने क्रममा न्युयोर्कमा छन्। अवश्य पनि आप्रवासी महिलाका विषयमा उनले पनि केही बोल्नेछन्। यदि नेपालले आप्रवासीका रूपमा रहेका महिलाको हितमा काम गर्न उपयुक्त संयन्त्र बनाउन सक्दैन भने युनिफेमजस्ता राष्ट्रसंघीय निकायसँग साझेदारीको हात अघि बढाउनुपर्छ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह